छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
वर्ष २५ •अंक २५८ •२०८० साल फाल्गुन २ गते बुधबार (14 Feburary, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–




## जिल्ला प्रहरी कार्यालय सक्कली प्रमाण झिकाउने

# सरकारी कागजात किर्तेमा सिंह र भट्टराई पक्राउ पर्न सक्ने

**टुडे समाचारदाता**

वीरगञ्ज । श्रीमती लुकाएर राखेका वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह श्रेष्ठ र उनकी कान्छी श्रीमती रीता भट्टराई सरकारी कागजात किर्ते जालसाजी गरेको अभियोगमा पक्राउ पर्ने संभावना बढेको बताइन्छ ।

मधेश प्रदेशको एकमात्र महानगरपालिकाका मेयर राजेशमान सिंहले गत हप्ता मात्र भट्टराई कान्छी श्रीमती रहेको आधिकारिक रुपमा स्वीकारेका थिए । गलत कागजात तयार गरी सिंहले रुवीना श्रेष्ठलाई छोरी भनेर वंशजको आधारमा नागरिकता दिलाएका छन् । तर उनले कान्छी श्रीमती रहेको विषयमा सरकारी निकायहरुलाई समेत ढाँटेका छन् ।

नागरिकता बनाउन सिंहले जिल्ला प्रशासन कार्यालय पर्सामा पेश गरेका कागजातहरु समेत गायब गरिएको बताइएको छ । नागरिकता छानबिनका लागि गृहमन्त्रालयले पठाएको टोली अनुसन्धान गरी फर्किसक्दा पनि जिल्ला प्रशासन कार्यालय पर्साले थालेको छानबिन प्रकृया अगाडि बढाइएको छैन् ।

नागरिकताको अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जिल्ला प्रशासन कार्यालयबाट मागेको कागजातहरु समेत उपलब्ध गराइएको छैन् । पर्साका प्रहरी प्रमुख एसपी कोमल शाहले सम्बन्धित निकायहरुबाट आवश्यक कागजातहरु माग गरिएको तर प्राप्त भइनसकेको बताए । जिल्ला प्रशासन कार्यालयमा नगारिकता सम्बन्धी सम्पूर्ण कागजातहरु रहने भए पनि प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले कागजातहरु प्रहरीलाई उपलब्ध गराउन आलटाल गरेको बताइन्छ ।

सिंहलाई जोगाउन ठूलो आर्थिक चलखेल भइरहेको छ । त्यसमा केही अधिकारीहरु पनि लागेको बताइन्छ । तर सरकारी कागजात किर्ते गरी रुवीना श्रेष्ठको बनाइएको जन्मदर्तामा उम्किन सहज नभएको अधिकारीहरुले पनि बताउन थालेका छन् ।



सहायक प्रजिअ शिवप्रसाद लम्साल र मेयर राजेशमान सिंह । फोटो : टुडे

एसपी शाहले जन्मदर्ता सम्बन्धी उजुरी आएको बताउँदै त्यसको अनुसन्धान प्रकृया अगाडि बढाइसकिएको बताएका छन् । जन्मदर्ता सम्बन्धी कागजातहरु पनि सम्बन्धित निकायबाट झिकाउन पत्राचार गरिएको उनले बताए । आफ्नो तर्फबाट अनुसन्धानको प्रकृयामा ढिलाइ नभएको बताउँदै उनले भने-'अन्य निकायहरुबाट समयमा कागजात प्राप्त नहुँदा ढिलाइ भएको देखिएको हो ।'

सिंहले कान्छी श्रीमती स्वीकारेकी रीता भट्टराईले २४ घण्टा समेत नबित्दै जिल्ला अदालत पर्सामा अंश माग गर्दै सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराएकी छन् । भट्टराईले अदालतमा छोरी रुवीना श्रेष्ठको पेश गरेकी जन्मदर्ता सरकारी कागजात र छाप किर्ते गरी बनाइएको पाइएको छ ।

जन्मदर्तामा उल्लेख गरिएको भट्टराई र सिंहको नागरिकता नम्बर समेत गलत उल्लेख छ । जन्मदर्ता प्रमाणित गर्ने तत्कालीन वडा नम्बर ३ का सचिव भिखारी रायको हस्ताक्षर समेत किर्ते गरिएको छ । रायले आफू जन्मदर्ता नबनाएको सार्वजनिक रुपमा वयान दिइसकेका छन् । तर उनलाई जन्मदर्ता बनाएको स्वीकार गर्न मेयर सिंहले चरम दबाब सृजना गरेको बताइन्छ ।

अदालतमा पेश गरिएको जन्मदर्ताको सक्कल प्रमाण पत्र उपलब्ध गराउन वीरगञ्ज महानगरपालिकालाई जिल्ला प्रहरी कार्यालयले मंगलवार पत्राचार गरेको छ । जिल्ला प्रशासन कार्यालयले फाइल खोज्नै नसकेको नागरिकता प्रकरणमा किर्ते गरी बनाइएको जन्मदर्ताको सक्कली प्रमाण पत्र वीरगञ्ज महानगरपालिकाले उपलब्ध गराउनेमा अधिकांशको विश्वास देखिदैन् । जिप्रकाका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले कारवाही सम्बन्धी सूचना चुहाउने गरेको आरोप लागेको छ ।

स्थानीय बासिन्दाहरुले मेयर सिंहलाई जोगाउन नै कान्छी श्रीमतीको वैधता पाएकी रीता भट्टराईले जिल्ला अदालतमा अंश र सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरेकी बताइन्छ । यद्यपि यस सम्बन्धमा भट्टराईले औपचारिक धारणा सार्वजनिक गरेकी छैनन् ।

नागरिकता छानबिन र जन्मदर्ताको किर्ते प्रमाणपत्र बारे प्रमुख जिल्ला अधिकारी भुसालसँग पटक-पटक सम्पर्क गर्न गरेको प्रयास सफल हुन सकेन् । उनले प्रयोग गर्ने सरकारी मोबाइल ९८५५०७७७७ मा सन्देश पठाउँदा समेत कुनै प्रतिकृया जनाएनन् ।

सरकारी कागजात किर्ते गरी त्यस आधारमा नागरिकता बनाउने मेयर सिंहलाई कडा कारवाही हुनुपर्नेमा प्रशासनले जोगाउन लागेको आरोप जनमत पार्टीका नेता मुकेश द्विवेदीले लगाएका छन् ।






# सिँचाइको व्यवस्था भएपछि किसान हर्षित

**टुडे समाचारदाता**

गौर । सिँचाइका लागि मोटरपम्पको व्यवस्था भएपछि आकासे पानीको भरमा खेती गर्दै आएका रौतहटका एक दर्जनभन्दा बढी साना किसान हर्षित भएका छन् ।

कतार च्यारेटीको सहकार्य र ग्रामीण विकास केन्द्र नेपालद्वारा सञ्चालित 'नेपाल एकीकृत विकास कार्यक्रम'अन्तर्गत गौर नगरपालिकासहित दुर्गा भगवती र यमुनामाई गाउँपालिकाका १३ जना किसानलाई सो सुविधा उपलब्ध गराइएको छ ।

"विपन्न साना किसानको समूह बनाइ अत्याधुनिक सुविधासहितको भूमिगत पानी तान्ने मोटरपम्प जडान भएपछि किसानले अब व्यवसायिकरुपमा तरकारी र अन्य खेती गरी जीवनस्तर उकास्ने छन् ।

जडान भएका एउटा पम्पबाट दश बिघाभन्दा बढी खेतमा सिँचाई सुविधा पुग्ने छ । किसान खुसी भएका छन् ।" कार्यक्रम प्रबन्धक बालकृष्ण झाले बताए ।

वर्षात नभएको बेला अति खर्चिलो सिँचाइको समस्या भोग्दै आएका किसान सस्तो र सुलभ सिँचाई सुविधा उपलब्ध भएपछि खुसी लागेको यमुनामाइ गाउँ पालिकाका तरकारी उत्पादक कृषक हरदेव यादवले बताए । उनकाअनुसार समूह तयार गरी जडान गरिएको सिँचाइले समूहमा रहेका सबै किसानका उत्पादनमा वृद्धि भइ आम्दानी बढ्ने छ ।

# कम्प्युटर इन्जिनियरको चियापसल : उनी भन्छन्– 'कुनै पछुतो छैन'



जनकपुरधाम । सूचना प्रविधिको युग । त्यसैमा कम्प्युटर इन्जिनियरिङमा स्नातक अर्थात् 'बिटेक' गरिसकेको युवा । यस्तो युवाले के गरिरहेका होलान्, कल्पना गर्नुहोस् त ? सोही विषयमा स्नातकोत्तर अध्ययनको तयारीमा जुटेका, रोजेखोजेको कार्यालयमा सफ्टवेयर बनाइरहेका, बहुचर्चित विधा आर्टिफिसियल इन्टेलिजेन्स, साइबर सेक्युरिटीलगायत काममा नयाँ-नयाँ प्रयोग गर्न अभ्यस्त । त्यसै नभए पनि आफ्नो सीप र कला प्रयोग गरेर जीवनयापन गरिरहेका त पक्कै होलान् ! हरेकको मानसपटलमा यस्तै चित्र बन्छन् ।

तर धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१० देवीचोक निवासी कम्प्युटर इन्जिनियर राजेश कर्णको दिनचर्या भने हामीले कल्पना गरेभन्दा भिन्न छ । कम्प्युटरका पाटपुर्जा र थरिथरि सफ्टवेर बनाउन किबोर्ड चलाउनुपर्ने उहाँका हात यतिखेर स्वादिलो चियाका लागि चियापत्ती,पानी र चिनी अड्कल्दै छन् । जनकपुरधाम-२ स्थित किशोरी चोकमा एउटा सानो सटरमा चियापसल सञ्चालन गरिरहेका छन् राजेशले ।

घरी असरल्ल राखिएका चिया गिलास टिप्छन्, घरी चिया पकाउँछन् । सपना विश्वविद्यालयमा आर्जन गरेको कम्प्युटर शिक्षा प्रयोग गर्नेछ तर विपनामा भने यसैगरी चियाको मात्रा नापिरहनुपरेको छ उहाँले । "आफ्नै क्षेत्रमा काम गर्ने रहर त कसैलाई हुदैन र ! त्यस्तै रहर मलाई पनि थियो । तर रहरले मात्रै कहाँ हुँदोरहेछ ! त्यसैको उदाहरण हुँ म", उहाँले भन्नुभयो । रहरले त हुँदैन तर प्रविधिको ज्ञान त छ नि ! प्रयास गरेपछि कसो नहोला ? लामो सुस्केरा हाल्दै राजेशले भन्नुभयो, "खै ! नहुँदोरहेछ । मसँग त रहर र सीप दुवै छ । प्रयास पनि कहाँ नगरेको हुँ र... !" पछाडिबाट आवाज आयो, "दाई चिया ।" कुरा छाडेर काममा लाग्नुभयो उहाँ । ग्राहकलाई चिया दिइसकेपछि छेउमै आएर सोध्नुभयो, "तपाईंहरूको नि ?" जवाफमा हामीले पत्रकार भएको बताएपछि एउटा कुर्सी तानेर बस्नै लाग्दा फेरि ग्राहक थपिए ।

"मेरो त काम नै यस्तै छ । सुरुका केही दिन त नरमाइलो लाग्थ्यो, अहिले भने अभ्यस्त हुँदैछु", पाक्दै गरेको चिया चलाउँदै राजेशले भन्नुभयो, "पारिवारिक परिबन्ध र खराब समय चलेपछि जति प्रयास गर्दा पनि हुँदैन रहेछ । विज्ञानमा विश्वास गर्ने म अचेल त भाग्यमा यस्तै गर्नुरहेछ भनेर चित्त बुझाइरहेको छु ।"

**यसरी तुहियो सपना**

जनकपुरधामस्थित एक निजी विद्यालयबाट विसं २०६६ मा पहिलो श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण राजेशले स्नातकसम्मको शिक्षा भारतमा पढ्नुभएको छ । भारतको डाएनसी कलेज बेनीपट्टी, मधुबनीबाट प्लस टु साइन्स (प्रथम श्रेणी) र हिमाञ्चल प्रदेशस्थित बद्दी युनिभर्सिटी अफ इमर्जिङ साइन्स एण्ड टेक्नोलोजीबाट कम्प्युटर इन्जिनियरिङमा स्नातक (बि-टेक)सम्मको अध्ययन पूरा गर्नुभएको छ ।

सन् २०१८ मा स्नातकसम्मको पढाइ सकेपछि राजेशले विश्वविद्यालयकै सिफारिसमा मासिक ५२ हजार भारु पाउनेगरी चण्डिगढको एउटा कम्पनीमा काम सुरु गरिसक्नुभएको थियो । तर जनकपुरस्थित घरमा रहनुभएकी आमा 'थ्रोट' क्यान्सरबाट सिकिस्त भएपछि तीन महिनामै जागिर छाड्नुपरेको उहाँले सुनाउनुभयो ।

"स्नातक सकिएपछि काम सुरु गरिसकेको थिएँ, तर तीन महिनामै छाडेर नेपाल आउनुपर्यो । त्यसपछिको सम्पूर्ण समय आमाको उपचारमा खर्चिए । एक वर्ष त दिल्लीस्थित एम्स अस्पताल धाउँदै बित्यो । त्यसक्रममा करिब रु २५-३० लाख खर्च भयो । त्यसयता हामी सबैको योजना भताभुङ्ग भयो", उहाँले दुःख पोख्नुभयो ।

हुँदाखाँदाको जागिर छाडेर नेपाल आएका राजेशको जीवनमा एक समय यस्तो आयो कि कसैले लाखौं तलब दिन्छुभन्दा पनि काम गर्ने अवस्था रहेन । किनकि घरको काम उहाँले नै गर्नुपर्ने भयो । यहीबीचमा साढे चार वर्षअघि बुवाको मृत्यु भयो ।

"बुवा बितेपछि आमाको सम्पूर्ण सहारा गुम्यो, हाम्रो भरोसा । त्यसपछि आमालाई एक्लै छाड्ने अवस्था रहेन । जागिरको अवसर पाएका बेला घरायसी समस्याले घेर्यो । आमालाई ठिक भएपछि सँगै बसेर केही गर्न पाए हुन्थ्यो भनेर जनकपुरमै धेरै प्रयास गरेँ, धेरैलाई गुहारे तर जागिर पाइँएन", उहाँले भन्नुभयो ।

नेपाल टेलिकमको जागिरबाट अवकाशप्राप्त बुवाको पेन्सनबाट घरव्यवहार चलाइरहेको बताउने राजेशले आफ्नो शिक्षा र ज्ञान प्रयोग गर्नुपर्छ भन्ने योजना नबनाएका पनि होइनन् तर आर्थिक अभावले पूरा गर्न सकेनन् । "जागिर पाइएन । खर्च बढ्दै गयो तर आम्दानी छैन", एकछिन निःशब्द हुँदै उहाँले भन्नुभयो, "श्रमको मूल्य पाउने जागिर नै पाइँएन । दश-बाह्र हजारमा काम गर्न सकिएन ।"

नेपालमा विकल्प नभएपछि उहाँले विदेशिने निधो गर्नुभयो । त्यसबेला स्वास्थ्य बाधक बन्यो । राजेशले दुबईमा साइबर सेक्युरिटीका क्षेत्रमा काम गर्न एउटा कम्पनीमा विभिन्न चरण पार गरेँ । तर मेडिकल परीक्षण गर्दा रगतमा सङ्क्रमण देखिएपछि त्यहाँ पनि जान पाउनुभएन । अहिले औषधि सेवन गरिरहेको उहाँले बताउनुभयो ।

सामान्य मध्यमवर्गीय परिवारका उहाँले 'प्लस टु साइन्स' आफ्नै लगानीमा पढे पनि बि-टेकचाहिँ छात्रवृत्तिमा पढ्नुभएको हो । उहाँमात्रै होइन उहाँका दाजुले पनि बायोटेक्नोलोजीमा स्नातकोत्तर (एमटेक) सम्मको अध्ययन भारतबाट र चीनबाट विद्यावारिधि गर्नुभएको छ । लकडाउनको समयमा अध्ययन सकेर नेपाल फर्किएका उहाँ पनि पारिवारिक समस्याकै कारण घरमै अल्झिरहनुपरेको भाइ राजेशले जानकारी दिनुभयो ।

**आठ हजार तिर्नुपर्ने भएपछि...**

आमालाई क्यान्सर भयो । त्यहीबीचमा बुवा बित्नुभयो । परिवारको लय बिथोलियो, राजेश दाजुभाइको सपना र योजना । जागिरका लागि गरिएका प्रयास सफल भएनन् । भएको सीप प्रयोग गरेर केही गरौं भन्ने सोचमा पुँजी बाधक बन्यो । "सबै प्रयास असफल भएपछि अहिले चिया पसल चलाइरहेको छु । रु एक लाख ऋण काढेर यो व्यवसाय सुरु गरेको पनि तीन महिना भयो । ठूलो चोट, सिकाइ र विवशतापछिको प्रतिफल हो", उहाँले मलिन मुद्रामा भन्नुभयो ।

यो व्यापार पनि एउटा पसलमा रु आठ हजार उधारो तिर्नुपर्दाको सकसपछि जन्मिएको हो । चियाका अम्मली राजेशले गएको दसैं तिहारकै समयमा उधारो खाने गरेको चियापसलेलाई रु आठ हजार तीन सय तिर्नुपर्ने भयो । अनुमानभन्दा बढी पैसा तिर्नुपरेपछि त्यसै दिन चिया छोड्ने वा आफैं चियापसल खोल्ने सङ्कल्प लिएको राजेशको कथन छ ।

उहाँ भन्नुहुन्छ, "त्यहीं घटनापछि चियापसल खोल्ने निर्णयमा पुगेँ । एकातिर अरुलाई तिर्नुपर्ने चियाको पैसा जोगिने अर्कोतिर समयको सदुपयोग र दुई पैसा आम्दानी पनि हुने । त्यसपछि चियापसल सुरु गरेको हुँ ।" राजेशले पसलको नाम 'इन्जिनियर क्याफे' राख्ने निधो गरेर बोर्ड बनाउन दिनुभएको छ । उहाँ विभिन्न प्रकारका चिया, कफी बनाउने सोचका साथ बजार अध्ययन गरिरहेको र अब यहीं व्यवसायलाई व्यवस्थित बनाउने योजनामा हुनुहुन्छ । "सुरुमा पढियो एउटा गरियो अर्कै भनेर निराश हुन्थे तर अहिलेचाहिँ कुनै पछुतो छैन । देशको अवस्था, विदेशिएका युवाको पीडाका साथै पसलमा आउनेहरूले दिने प्रतिक्रियाबाट पनि उत्साहित भइरहेको छु । आगामी दिनमा के-के हुन्छ हेर्दै जाऔँ", उहाँले भन्नुभयो ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्रकुमार महासेठ पनि एउटा शिक्षित र प्राविधिक शिक्षा पढेको युवाले रोजगारी नपाउनु चिन्ताको विषय भए पनि राजेशले रोजेको बाटोबाट आम युवाका लागि प्रेरणाको ठूलो सन्देश प्रवाह भएकामा खुसी व्यक्त गर्नुभयो । "देशमा कुनै पनि क्षेत्र र मान्छे उत्साहित छैनन् । युवाहरू विदेश धाइरहेका छन् । यो भीडमा एउटा शिक्षित युवाले चियापसल खोल्ने आँट गर्नु राम्रो कुरा हो । यसबाट अरुले पनि पाठ सिक्न जरुरी छ", उहाँले भन्नुभयो ।रासस

# तीन सरकारी कार्यालयमा मन्त्री साहको छड्के अनुगमन



**टुडे समाचारदाता**

राजविराज । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनितादेवी साहले मंगलबार सप्तरीको तीन वटा सरकारी कार्यालयमा छड्के अनुगमन गरेकी छन् ।

राजविराजस्थित भूमि सुधार तथा मालपोत कार्यालय, जिल्ला प्रशासन कार्यालय र नापी शाखा कार्यालयमा मन्त्री साहले छड्के अनुगमन गरेकी छन् ।

अनुगमन गर्ने क्रममा उनले सेवाग्राहीको काम चुस्त, दुरुस्त ढंगले गर्न निर्देशन समेत दिएकी छन् । मन्त्री साहले यस्तो निर्देशन दिइ रहँदा तीन वटै कार्यालयका प्रमुखहरुले कर्मचारी अभावका कारण काममा समस्या परिरहेको बताए ।

प्रदेश सभासद्द्वय सतिशकुमार सिंह, मो. सकिलअली, प्रमुख जिल्ला अधिकारी किरण थापासहित मालपोत कार्यालय पुगेकी मन्त्री साहले त्यहा भइरहेको कामका बारेमा सेवाग्राहीबाट पनि गुनासो सुन्ने काम गरेकी थिइन् । उक्त क्रममा उनले शुल्क वापत तिरेको रहमको रसिद लिन र बिना रसिदको कर्मचारीलाई रकम नदिन सुझाव समेत दिइन् ।

मालोपात कार्यालयका प्रमुख केशव झालाई निर्देशन दिँदै मन्त्री साहले सेवा लिन आएका सेवाग्राहीलाई प्रक्रिया पुरा नभएको भए कागजमा लेखेर प्रक्रियाको बारेमा जानकारी दिई पठाउन निर्देशनका साथ अनावश्यक रुपमा झुलाएर दुःख दिने कार्य गर्न नहुने भन्दै सचेत गराएकी थिइन् ।

मालपोतका प्रमुख झाले विगतमा कार्यक्षेत्र कम भएको बेलामा कायम गरिएको ५० जना कर्मचारीको दरबन्दी अनुसार पनि पदपूर्ती नभएको ३५ जनाको भरमा अहिले काम गर्नु परिरहेको जानकारी गराए । उनले अहिले मालपोत कार्यालयको कार्यक्षेत्र बिस्तार भएको अवस्थामा ५० जनाले पनि काम गर्न भ्याई नभ्याई हुने अवस्थामा ३५ जनाले मात्र काम गर्नुपर्दा भइरहेको समस्यातर्फ मन्त्री साहको ध्यानाकर्षण गराएका थिए ।

# 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमण पुनःदेखियो

**टुडे समाचारदाता**

कास्की । गण्डकी प्रदेशमा 'अफ्रिकन स्वाइन फिभर' नामक रोगको सङ्क्रमण पुनः देखिएको छ । सुँगुर, बङ्गुर तथा बँदेलमा लाग्ने सो रोग सर्भिलेन्सको निरन्तरताका क्रममा कास्की, तनहुँ, लमजुङ र गोरखामा सङ्क्रमण पुष्टि भएको पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय गण्डकीले जनाएको छ ।

सङ्क्रमण फैलिँदै जाँदा ठूला तथा साना बङ्गुर फार्ममा जैविक सुरक्षाका विधि अवलम्बन गर्न किसानलाई आग्रह गरिएको छ । त्यसैगरी विभिन्न सचेतनाका कार्यक्रम र पशुजन्य ओसारपसारमा निगरानी बढाइएको छ । निर्देशनालयका महानिर्देशक डा प्रेरणा सेढाईं भट्टराईका अनुसार पछिल्लो सङ्क्रमणबाट कास्कीमा ५५, तनहुँमा ३०, लमजुङमा १४ र गोखरामा १३ गरी कुल एक सय १२ बङ्गुरको मृत्यु भएको छ ।

"अफ्रिकन स्वाइन फिभर अत्यन्त सङ्क्रामक तथा उच्च मृत्युदर भएको रोग हो । हालसम्म रोगविरुद्ध भ्याक्सिन उपलब्ध छैन", महानिर्देशक भट्टराईले भने, "जैविक सुरक्षा एकमात्र विकल्प हो, त्यसैले सचेतनामा केन्द्रित भएका छौं ।"गण्डकी प्रदेशमा गत वर्ष साउन २९ गते पहिलोपटक सङ्क्रमण 'आउटब्रेक' भएको थियो । यस रोगका कारण प्रदेशमा हालसम्म १६ हजार पाँच सय ५४ वटा बङ्गुर मरेको निर्देशनालयको तथ्याङ्क छ ।

कास्की जिल्लामा मात्र १५ हजार तीन सय ८८ वटा बङ्गुरको मृत्यु भएको छ । निर्देशनालयका वरिष्ठ पशु विकास अधिकृत डा बालकुमार श्रेष्ठले रोगका कारण किसानले रु ५० करोड हाराहारीमा क्षति व्यहोर्नुपरेको बताए । "किसानले हामीलाई जानकारी गराएअनुसारको क्षतिको विवरण हो, यसभन्दा बढी पनि क्षति पुगेको हुनसक्छ", श्रेष्ठले भने ।

निर्देशनालयले रोग पुष्टि भएका क्षेत्रमा स्थलगत अध्ययन, थप सर्भिलेन्सका कार्य, फार्मको निःसङ्क्रमण तथा विभिन्न माध्यमबाट रोगसम्बन्धी जनचेतनामूलक सामग्री प्रचारप्रसारको कार्य भइरहेको जनाएको छ । कास्कीमा यस वर्ष बङ्गुरको संख्या कम भएकाले मृत्यु संखया कम देखिएको निर्देशनालयले जनाएको छ ।

कास्कीमा अघिल्लो वर्ष करिब ५० हजार बङ्गुर थिए । अफ्रिकन स्वाइन फिभर देखिएपछि बङ्गुरको संख्या घटाउन आग्रह गरेपछि ब्युरपालक किसानले ९० प्रतिशतसम्म बङ्गुरको संख्या घटाएको भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेले बताए ।

जिल्लामा हाल पाँच हजारको हाराहारीमा बङ्गुर रहेकाले मृत्यु सङ्ख्या पनि कम देखिएको उनको भनाइ छ । "अघिल्लोपटक पनि किसानलाई फार्ममा बङ्गुर घटाउनुहोस् भनेका थियौं । तर किसानले एकैचोटी बेच्न समय कुर्दासमेत क्षति बढी भयो", पाण्डेले भने, "अहिले संख्या नै कम भएकाले क्षतिको विवरणसमेत कम छ । ठूला फार्ममा निरन्तर झकझकाइरहेका छौं ।" बङ्गुरमा लाग्ने अफ्रिकन स्वाइन फिभर रोग रोगी सुँगुर, बङ्गुर, बँदेल, जङ्गली बँदेलसँगको सम्पर्कबाट, किर्नाको टोकाइ, मासु वा रोगी पशुको सम्पर्कमा आएका सामग्रीको लसपस वा ओसारपसारबाट र होटल तथा भोजभतेरबाट ल्याइएका जुठो खानाका कारण सर्ने र फैलिन सक्ने बताइन्छ । पशु स्वास्थ्य अधिकृत सुरेश श्रेष्ठले रोगको सङ्क्रमण हुँदा पशुमा उच्च ज्वरो आउने, शरीरमा निलो धब्बा देखिने, छेर्ने, बान्ता गर्ने, झुम्मिएर एकै ठाउँमा बस्ने, तुहिनेजस्ता लक्षण देखापर्ने बताए ।

# कैदीबन्दी घरेलु उद्योगमा

**टुडे समाचारदाता**

चितवन । कारागार भन्ने वित्तिकै विभिन्न अपराधमा संलग्न भएर सजाय काट्न पठाइने ठाउँको रुपमा लिने गरिन्छ । पछिल्लो समय जिल्ला कारागारमा रहेका कैदीबन्दीमध्ये दुई सयभन्दा बढी घरेलु उद्योगमा व्यस्त हुन थालेका छन् । यहाँ विभिन्न किसिमका सीपमूलक काममार्फत उनीहरु उद्योगमा लागेका हुन् । विशेष गरी लामो समयसम्मका लागि कैद सजय तोकिएका, घरको आर्थिक अवस्था कमजोर भएका कैदीबन्दी घरेलु उद्योगको काममा आकर्षित भएका कार्यालयका सूचना अधिकारी चेतनाथ ढुङ्गानाले जानकारी दिए । उनका अनुसार बत्ती कात्ने, मुढा बुन्ने, गलैंचाको काम, सिलाइ कटाइलगायत काममा उनीहरु व्यस्त छन् ।

कारागार कार्यालयमा रहेका सात सय ५५ कैदीबन्दीमध्ये ८० जनाले बाँसको मुढा बुन्ने, ८० ले गलैंचाको काम गर्ने गरेका ढुङ्गानाले जानकारी दिए । उनका अनुसार सिलाइकटाइमा सात, बत्ती कात्ने २०, खेलाउना बनाउनेमा एक जनाले काम गरिरहेका छन् ।

आन्तरिक प्रशासनअन्तर्गत विभिन्न काममा कारागारका कैदीबन्दी लाग्ने गरेका कार्यालयका सूचना अधिकारी ढुङ्गानाले बताए । उनले भने, "यहाँ रहेका कैदीबन्दी कुनै न कुनै काममा व्यस्त रहने गरेका छन् ।" गलैंचाको तान ४२ वटा रहेको जानकारी दिँदै उनले यी तानमा काम गर्न इच्छु एक सय २० जनाले रोजगार पाउने उनले जानकारी दिए ।

कारागारभित्र काम गरेर कैदीले मासिक रु पाँच हजारदेखि १५ हजारसम्म कमाउने गरेको ढुङ्गानाको भनाइ थियो । कारागारभित्र घरेलु उद्योगबाहेक विभिन्न खेलकुदमा कैदीबन्दी सहभागी हुने गरेका उनले बताए ।

कार्यालयका सूचना अधिकारी ढुङ्गानाका अनुसार यहाँ उत्पादित सामान जिल्लासहित काठमाडौं, पोखरालगायत क्षेत्रमा बिक्रीका लागि पुग्ने गरेका छन् । कारागारबाट मासिक साधारण खालका चार सय र विशेष खालाका तीन सय मुढा बिक्री हुने गरेका छन् । यस्तै गलैंचा काठमाडौंका उद्योगले खरिद गरिरहेका उनले जानकारी दिए ।

कारागारमा काममा र खेलकुदमा कैदीबन्दी सहभागी हुँदा फुर्सदको सदुपयोग हुने, नकारात्मक सोचको अन्त्य हुने र आयआर्जनसँगै पछि समाजमा पुनःस्थापना हुन सहज हुने ढुङ्गानाको भनाइ थियो ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामस्थित बाबा भूतनाथ महादेव मन्दिर। मानिसको अन्तिम संस्कार गरिने यो मन्दिर स्थानीयमा स्वर्गद्वारीको नामले पनि परिचित छ। *तस्विरः रासस*

# 'तराई भू-परिधि' विश्व सूचीमा समावेश

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको तराई भू-परिधि (बागमतीदेखि महाकालीसम्मकोभूभागमाअवस्थित वन क्षेत्र) 'पुनःस्थापनाको उत्कृष्ट नमूना'को विश्व सूचीमा समावेश भएको छ।

'पारिस्थितिकीय प्रणाली पुनःस्थापनाको संयुक्त राष्ट्रसङ्घीय दशक'ले मंगलबार नेपालको तराई भू-परिधिलगायत विश्वका चर्चित वन तथा जैविक विविधता संरक्षणसम्बन्धी सात क्षेत्रलाई सो सूचीमा समावेश गरेको हो।

नेपालको तराई भू-परिधिसहित 'मनग्रोभ रिजेनेरेसन इन श्रीलङ्का, अफ्रिकन फार्मर ट्रान्सफरमिङ फुड सिष्टम (माली, सेनेगल, तान्जानिया, युगाण्डा र केन्या), रिग्रिनिङ अफ्रिका (इथियोपिया, घाना, केन्या, माली, नाइजर, रुवाण्डा, सेनेगल सोमालिया), 'रेन्टोरिङ मेडिटेरेनियन फरेष्ट'(लेवनान,मोरक्को,ट्युनिसिमभ र टर्की), अक्सिअन अन्डिना (अर्जेन्टिना, बोलिभिया, पेरु, इक्वैडर र चिली), पाकिस्तानको लिभिङ इन्डुस पनि विश्व सूचीमा समावेश भएका छन्।

वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय वन्यजन्तु तथा संरक्षण विभाग तथा विश्व वन्यजन्तु कोषले आज यहाँ संयुक्तरुपमा पत्रकार सम्मेलन गरेर २४ वर्षमा विभिन्न चुनौतीलाई चिर्दै सरोकारवाला सबैको एकीकृत प्रयासका कारण उक्त भूभाग विश्व सूचीमा समेटिएको जानकारी दिइएको हो।

नेपाल सरकार, समुदायको संरक्षकत्व र नागरिक समाजको संलग्नतामा वन संरक्षण र पुनःस्थापना, वन्यजन्तको संख्यामा वृद्धि, पारिस्थितिकीय प्रणाली सेवा र अन्तरदेशीय जैविक मार्गको विस्तार तथा कार्यक्षमता बढाउन भएको योगदानका साथै सन् २००१ देखि हालसम्म तराई भू-परिधिमा ६८ हजार हेक्टर वन क्षेत्र संरक्षित भएकाले नेपाली भूभाग सूचीमा समेटिएको हो।

तराई भू-परिधि नेपालको वाग्मती नदीदेखि पश्चिममा भारतको यमुना नदीसम्म नौ सय किलोमिटरभन्दा बढी फैलिएको छ। यसले ५१ हजार दुई वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। पूर्वमा बागमती नदीदेखि पश्चिममा महाकाली नदीसम्म फैलिएको तराई भू-परिधिमा छ वटा संरक्षित क्षेत्र, चार वन संरक्षण क्षेत्र, तीन रामसार र धेरै जैविक मार्ग समेटिएको।

पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार नेपालको तराई भू-परिधि विश्व सूचीमा परेको घोषणा केन्याको नैरोबीमा मंगलबार गरिएको हो। यही फागुन १५ गते नेपाललाई त्यसवापत सम्मान गरिने छ। वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतोलाई सरकारको प्रतिनिधित्व गर्दै त्यहाँ जाने कार्यक्रम छ।

# माओवादी केन्द्रको विधान सम्मेलन सुरु




**टुडे समाचारदाता**

काठमाण्डु । सत्ताको नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को विधान सम्मेलन राजधानीमा सुरु भएको छ। कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा सम्मेलनको सुरु भएको हो।

कलाकारहरुले अन्तर्राष्ट्रिय गीत गाएपछि विधान सम्मेलन सुरु भएको हो। माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लगायतका माओवादीका नेताहरुले सहिदको तस्बिरमा माल्यापर्ण गरेका थिए। तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा एक हजार दुई सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको छ।

सम्मेलनमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, तीन केन्द्रीय आयोगका सदस्य, सात भौगोलिक र तीन गैरभौगोलिक प्रदेशका पदाधिकारी तथा जनवर्गीय सङ्गठनका पदाधिकारीको सहभागिता रहनेछ।

पार्टीलाई व्यवस्थितरुपमा सञ्चालनका निम्ति आवश्यक विधान बनाउन सम्मेलन आयोजना गरिएको माओवादीले जनाएको छ। पार्टीले विधानको मस्यौदा तयार गर्न उपाध्यक्ष पम्फा भुसालको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरेको थियो। सो समितिमा महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव गिरिराजमणि पोखरेल, वर्षमान पुन र जनार्दन शर्मा, सचिव सुरेन्द्र कार्की र गणेश साह सदस्य सदस्य हुनुहुन्थ्यो। समितिले गत पुस २७ गते पार्टी अध्यक्ष दाहाललाई विधानको मस्यौदा बुझाएको थियो।

प्रस्तावित विधानमा माघ २६ र २७ गते भएको पार्टीको स्थायी समिति बैठकमा छलफल भएको थियो। गत भदौ १६ देखि पुस १७ गतेसम्म सञ्चालित पार्टी रुपान्तरण अभियानको समीक्षा गर्न आइतबार र सोमबार भएको केन्द्रीय समितिको बैठकमा विधान सम्मेलनको तयारीका बारेमा पनि छलफल भएको थियो। छलफलमा सहभागी केन्द्रीय सदस्यले विधानको मस्यौदालाई सङ्क्षिप्त र कार्यान्वयनयोग्य बनाइनुपर्ने तथा पार्टीको संरचनालाई चुस्त बनाइनुपर्नेमा जोड दिएका थिए।

सम्मेलनलाई सम्बोधन गर्दै पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सरकारले मंगलबार (जनयुद्ध दिवस)को स्मरणमा सार्वजनिक बिदा दिए पनि अदालतको आदेशलाई सम्मान गरेको बताए। उनले सरकारीस्तरमा दिवस मनाउन नपाए पनि आज देश र विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी सो दिवस मनाइएको बताए।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले शान्ति प्रक्रियालाई पूरा गरेर आगामी दिनमा थप व्यवस्थितरुपमा दिवस मनाउने विश्वास व्यक्त गरे। जनयुद्ध र जनआन्दोलनको संयोजनबाट मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको र नेपालको शान्ति प्रक्रिया मौलिकरुपमा पूरा भएको उनको कथन थियो। नेपालमा हाल भएको परिवर्तन मौलिकरुपमा अगाडि बढेको, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको र समाजवादोउन्मुख लोकतन्त्र संविधानमा लिपिबद्ध भएको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ।

# विकास बजेट बढी भएका मन्त्रालयमा न्यून खर्च

**टुडे समाचारदाता**

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा सरकारको बजेट खर्च निकै न्यून छ। चालु आर्थिक वर्षका लागि कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बजेट विनियोजन गरिएकोमा गत पुस मसान्तसम्म रु पाँच खर्ब ७३ अर्ब ६३ करोड २९ लाख खर्च भएको छ। यो कूल विनियोजनको ३२ दशमलव ७५ प्रतिशत हुन आउँछ। यसलाई चालु, पूँजीगत तथा वित्तीय व्यवस्थातर्फ खर्च वर्गीकरण गर्दा ३८ दशमलव ८० प्रतिशत, १६ दशमलव ७० प्रतिशत र २६ दशमलव ०६ प्रतिशत खर्च भएको देखिन्छ।



हालसम्मको बजेट खर्चको अवस्था हेर्दा विकास बजेट धेरै छुट्याइएका मन्त्रालयहरु नै खर्चमा कमजोर देखिएका छन्। विनियोजित रकममध्ये खर्चको प्रतिशत हेर्दा अर्थमन्त्रालय सबैभन्दा कमजोर छ। अर्थ मन्त्रालयले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार अर्थ मन्त्रालयले चालु आर्थिक वर्षका लागि रु ४१ अर्ब सात करोड ३६ लाखको बजेट पाएकोमा पुस मसान्तसम्ममा रु चार अर्ब छ करोड ४४ लाख बराबर मात्रै खर्च भएको छ। जुन वार्षिक विनियोजनको नौ दशमलव ९० प्रतिशत हो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेट खर्च पनि निकै कमजोर देखिएको छ। अर्धवार्षिक समीक्षा अवधिसम्ममा यो मन्त्रालयले वार्षिक विनियोजनको ११ दशमलव ३९ प्रतिशत मात्रै खर्च गर्न सकेको हो। मन्त्रालयले चालु आर्थिक वर्षका लागि रु एक अर्ब ५७ करोड ६२ लाख बजेट पाएकोमा पुस मसान्तसम्ममा रु १७ करोड ९५ लाख बराबर मात्रै खर्च भएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेट खर्च १२ दशमलव ३५ प्रतिशत छ। चालु आर्थिक वर्षका लागि कूल रु दुई अर्ब चार करोड ४१ लाख बराबर बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा रु २५ करोड २५ लाख बराबर मात्रै खर्च गर्न सकेको छ।

पूर्वाधार विकासका आयोजना बढी केन्द्रित हुने मन्त्रालयहरुकै बजेट खर्चको स्थिति दयनीय छ। सहरी विकास मन्त्रालयले बजेटको अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु छ अर्ब ६२ करोड ४८ लाख अर्थात् मन्त्रालयका लागि वार्षिक विनियोजित रकमको १४ दशमलव २६ प्रतिशत मात्रै खर्च गरेको छ। यो मन्त्रालयले चालु आर्थिक वर्षका लागि रु ४६ अर्ब ४५ करोड ६१ लाख बराबर बजेट पाएको थियो।

यो अवधिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले २२ दशमलव ४५ प्रतिशत बजेट खर्च गरेको छ। कूल रु आठ अर्ब १२ करोड ६१ लाखको वार्षिक बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा रु एक अर्ब ८२ करोड ४७ लाख बराबर मात्रै खर्च गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको बजेट खर्च ३१ दशमलव ६४ प्रतिशत छ। चालु आर्थिक वर्षका लागि रु २८ अर्ब ५६ करोड ८३ लाख बराबर बजेट पाएको मन्त्रालयले सुरुवाती छ महिना अवधिमा रु नौ अर्ब तीन करोड ८४ लाख खर्च भएको छ।

कूल रु ७७ करोड ७३ लाख वार्षिक बजेट पाएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु १३ करोड नौ लाख बराबर मात्रै खर्च गर्न सकेको छ। जुन वार्षिक विनियोजनको १६ दशमलव ८४ प्रतिशत बराबर हो।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले छ महिनामा २९ दशमलव ६९ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ। चालु आर्थिक वर्षका लागि कूल रु ५० अर्ब ५९ करोड ११ लाख बराबर बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा रु १५ अर्ब दुई करोड २४ लाख खर्च गरेको छ। यही अवधिमा खानेपानी मन्त्रालयको बजेट खर्च १९ दशमलव ४९ प्रतिशत छ। कूल रु १३ अर्ब ४४ करोड ४३ लाख वार्षिक बजेट पाएको यो मन्त्रालयले अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु दुई अर्ब ६१ करोड ९८ लाख मात्रै खर्च गर्न सकेको छ। चालु आर्थिक वर्षका लागि सबैभन्दा धेरै बजेट पाएको गृह मन्त्रालयले वार्षिक विनियोजनको ४० दशमलव ८१ प्रतिशत बराबर खर्च गरेको छ। गृह मन्त्रालयले कुल रु एक खर्ब ९४ अर्ब ५९ करोड १० लाखको वार्षिक बजेट पाएकोमा पुस मसान्तसम्ममा रु ७९ अर्ब ४१ करोड ८२ लाख बराबर खर्च गरेको छ।

सुरुआती छ महिना अवधिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेट खर्च वार्षिक विनियोजनको २७ दशमलव ७७ प्रतिशत बराबर छ। कूल रु पाँच अर्ब ३२ करोड ३६ लाख बजेट पाएको यो मन्त्रालयले पुस मसान्तसम्ममा रु एक अर्ब ४७ करोड ८३ लाख बराबर खर्च गरेको हो। अर्धवार्षिक समीक्षा अवधिसम्ममा परराष्ट्र मन्त्रालयको बजेट खर्च सबैभन्दा बढी देखिएको छ। परराष्ट्र मन्त्रालयले चालु आर्थिक वर्षका लागि पाएको कूल विनियोजित रकमको ८० दशमलव ३४ प्रतिशत खर्च गरेको छ। कुल रु सात अर्ब ११ करोड २० लाखको बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा रु पाँच अर्ब ७१ करोड ३९ लाख बराबर खर्च गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो अवधिमा ३५ दशमलव ७४ प्रतिशत बजेट खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि कूल रु सात अर्ब १४ करोड ६५ लाखको बजेट पाएको मन्त्रालयले अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु दुई अर्ब ५५ करोड ४३ लाख बराबर खर्च गरेको हो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १८ दशमलव ७६ प्रतिशत बजेट खर्च गरेको छ।

चालु आर्थिक वर्षका लागि कूल रु एक खर्ब ३३ अर्ब ५५ करोड ३० लाख बराबरको बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा रु २५ अर्ब चार करोड ८९ लाख बराबर खर्च गरेको हो। युवा तथा खेलकुद मन्त्रालयको बजेट खर्च २७ दशमलव ८९ प्रतिशत छन्। कूल रु दुई अर्ब २४ करोड नौ लाखको वार्षिक बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा रु ६२ करोड ५० लाख खर्च गरेको छ।

त्यसैगरी, रक्षा मन्त्रालयले ४६ दशमलव ६३ प्रतिशत खर्च खर्च गरेको छ। रु ५८ अर्ब ८४ करोड ४६ लाख वार्षिक बजेट पाएको मन्त्रालयले यो अवधिसम्ममा रु २७ अर्ब ४३ करोड ९१ लाख बराबर खर्च भएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि कूल रु ५६ अर्ब ७८ करोड ३४ लाख बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा रु २८ अर्ब १२ करोड २८ लाख बराबर खर्च भएको छ। जुन वार्षिक विनियोजनको ४९ दशमलव ६३ प्रतिशत बराबर हो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २४ दशमलव ७४ प्रतिशत बजेट खर्च गरेको छ। मन्त्रालयले रु आठ अर्ब ७० करोड ६७ लाख बराबरको वार्षिक बजेट पाएकोमा अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु दुई अर्ब १४ करोड ३८ लाख बराबर खर्च भएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बजेट खर्च १५ दशमलव ७२ प्रतिशत छ। छ महिना अवधिमा ९२ करोड ३५ लाख बराबर खर्च भएको छ। मन्त्रालयले चालु आर्थिक वर्षका लागि रु पाँच अर्ब ८७ लाख ६४ हजार बराबर बजेट पाएको थियो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि रु ४८ अर्ब ५४ करोड ९८ लाख बराबर बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा रु १० अर्ब ६२ करोड तीन लाख बराबर खर्च भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले छ महिनामा ३४ दशमलव ८८ प्रतिशत बजेट खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि प्रधानमन्त्री कार्यालयलाई रु पाँच अर्ब ६० करोड २८ लाख बराबर बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा रु एक अर्ब ९५ करोड ४२ लाख बराबर खर्च भएको देखिन्छ।

# मानव बेचबिखन तथा ओसारपसार मुद्दामा ८९ व्यक्ति पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्मको छ महिनाको अवधिमा मानव बेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न ८९ व्यक्तिलाई पक्राउ गरेको छ। त्यसमध्ये ६७ पुरुष र २२ महिला छन्। सोही अवधिमा जम्मा ७९ मुद्दा दर्ता भएका छन्।

मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी अपराध नियन्त्रण गर्न नेपाल प्रहरीमा मानव बेचबिखन अनुसन्धान ब्युरो बबरमहलले विशिष्टिकृत एकाइका रुपमा काम गर्दै आएको छ। सम्बन्धित अपराध अनुसन्धानलाई प्रभावकारी र परिणाममुखी बनाउन ब्युरोले सक्रिय एवं प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ।

सो अवधिमा एक सय ४९ व्यक्तिलाई अभियोग लागेको छ। सो अवधिमा देशभरबाट दुई सय ३६ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये एक सय ५० महिला, २६ पुरुष र ६० बालिका रहेका छन्। नेपाल आन्तरिक र सीमा वारिपारि हुने मानव बेचबिखनबाट अति प्रभावित रहेको छ।

त्यसमा वैदेशिक रोजगारका लागि नेपालबाट ठूलो संख्यामा भारत, मलेसिया, कतार, साउदी अरब, लिबिया, बहराइन, कुवेत, संयुक्त अरब इमिरेट्स, अमेरिका तथा विभिन्न युरोपेली र अफ्रिकन देशलगायत अन्य विभिन्न मुलुकमा नेपाली काम गर्ने वा अवैधानिक बसोबासको प्रलोभनमा परी बेचबिखनमा पर्ने गरेका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए।

उनले भने, "यही तथ्य र संवेदनशीलतालाई मनन गरेर नेपाल प्रहरीले यस्ता अपराधको अनुसन्धानलाई विशेष जोड दिएको छ, अनुसन्धानलाई अझै प्रभावकारी बनाउन विद्यमान मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ मा समयसापेक्ष परिमार्जनको आवश्यकता महसुस गर्दै परिमार्जनका लागि पहल भइरहेको पनि छ।

" विसं २०७५ मा मानव बेचबिखन अनुसन्धान ब्युरोको स्थापना भएको र ब्युरो स्थापनापछि हालसम्म जम्मा एक हजार एक सय १८ जना पक्राउ परेका प्रहरी प्रधान कार्यालयले जनाएको छ। कार्यालयको तथ्याङ्कअनुसार सात सय ८३ जना पुरुष र तीन सय ३५ महिला छन्। सो अवधिमा एक हजार नौ सय १९ जनालाई अभियोग लागेको छ। सोही अवधिमा जम्मा आठ सय ९२ मुद्दा दर्ता भएका छन्।

मानव बेचबिखन अनुसन्धान ब्युरोले मुख्यतः मानव बेचबिखन तथा ओसारपसार अपराधको अनुसन्धान तथा नियन्त्रण र पीडितको उद्धार गर्दछ। समस्या सहजीकरण, समन्वय तथा सहकार्य, जनचेतना एवं सशक्तीकरणका कार्यक्रम सञ्चालन, दक्ष जनशक्ति तथा प्रविधिको विकासलगायत काम गर्ने गरेको ब्युरोका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए। प्रचलित नेपालको कानुनको अधिनमा रही ब्युरोले सक्रियरुपमा काम गर्दै आइरहेको छ।

देशभित्र आन्तरिकरुपमा हुने मानव बेचबिखन तथा ओसारपसार र अन्तरदेशीयरुपमा हुने त्यस्ता घटनाको प्रभावकारी अनुसन्धान गर्दै संलग्न व्यक्ति र समूहलाई कारबाहीको दायरामा ल्याइएको प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले बताए।

# रेडियो नेपालद्वारा बज्जिका भाषामा समाचार प्रसारण

**टुडे समाचारदाता**


काठमाण्डु । रेडियो नेपालले मंगलबारदेखि बज्जिका भाषाको समाचार तथा कार्यक्रम प्रशारण आरम्भ गरेको छ। विश्व रेडियो दिवसका अवसरमा रेडियो नेपालले मंगलबारदेखि उक्त भाषामा समाचार तथा कार्यक्रम प्रसारण थालेको हो।

चौबिसै घन्टा प्रसारण हुँदै आएको रेडियो नेपालले यसअघि २१ भाषामा समाचार तथा २० भाषामा कार्यक्रम प्रसारण गर्दै आएको थियो। मधेस प्रदेशका रौतहट, बारा, सर्लाहीलगायत जिल्लामा बज्जिका भाषा बोल्ने समुदायको बाक्लो उपस्थिति रहेको छ।

पछिल्लो जनगणनाअनुसार नेपालमा बज्जिका भाषा बोल्ने नागरिकको संख्या करिब ११ लाख ३३ हजार छ। मधेस प्रदेशमा मैथिली र भोजपुरीपछि धेरै बोलिने भाषाका रुपमा बज्जिका रहेको छ। बज्जिका नेपालमा धेरै बोलिने भाषाको सूचीमा छैटौं स्थानमा छ। बज्जिका भाषाको समाचार तथा कार्यक्रम प्रसारण शुभारम्भ गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं रेडियो प्रचार सेवा विकास समितिका अध्यक्ष रामकृष्ण सुवेदीले समावेशी राज्यको चरित्रलाई सरकारी निकायले पनि अनुसरण गर्नुपर्ने बताए।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले स्थानीय भाषाबाट समाचार र कार्यक्रम सम्प्रेषण गर्दा सञ्चारमाध्यमप्रति स्थानीयको अपनत्व बढ्ने बताए। राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राज्यले सबै भाषाको विकासमा ध्यान दिनुपर्ने बताए। रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले भाषा, विषयवस्तु र जनशक्तिमा समावेशी सञ्चारमाध्यमको नमुनाका रुपमा रेडियो नेपाल रहेको बताए।

तीनवटा प्रसारण केन्द्रसहित हाल सातवटै प्रदेमा प्रादेशिक प्रसारण कार्यालय र ३२ एफएम रिले स्टेसनबाट रेडियो नेपालले देशभर प्रसारण सेवा विस्तार गरेको छ। रेडियो नेपाल ९३ प्रतिशत जनताको पुहँचमा पुगेको कार्यकारी निर्देशक केसीले जानकारी दिए। रेडियो नेपालको पहुँच शतप्रतिशत भूभाग र नागरिकमाझ पुऱ्याउने लक्ष्यका साथ काम भइरहेको रेडियो नेपालले जनाएको छ।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विद्या आरम्भ

सनातन धर्मावलम्बीहरुले सरस्वती पूजाको दिन विद्या आरम्भका लागि अति उपयुक्त मानिन्छ । वसन्त पञ्चमीको शुभारम्भ र औपचारिक रुपमा होलीको सुरुवात हुने दिन श्रीपञ्चमीको दिन विद्या आरम्भ गराउँदा शिक्षामा सफलता पाउने विश्वास रहेको छ। त्यसकारण निजी र सामुदायिक विद्यालयहरुले नयाँ शैक्षिक सत्र सरकारी क्यालेण्डर अनुसार सुरु हुनु अगावै विद्यार्थी भर्ना सुरु गर्छन् । सरस्वती पूजनोत्सवको अवसरमा निजी विद्यालयहरुले नामांकनमा अनेक सुविधाहरु दिने घोषणा गर्छन् । हरेक वर्ष श्रीपञ्चमीको समयमा विद्यार्थी भर्नाका लागि निजी विद्यालयहरुले आह्वान गर्छन्। तल्लो कक्षामा विद्यार्थीको भर्ना गरिने चलन नै चलेको छ। निजी विद्यालयहरुले मन्टेसरी र नर्सरीमा विद्यार्थीहरुको भर्ना सरस्वती पूजाको अवसरमा गरे पनि सामुदायिक विद्यालयहरुमा भने विद्यार्थी भर्ना हुँदैन्। सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि भर्नाको चलन रहेकोछ । निजी विद्यालयहरुले भर्नाका लागि आकर्षक सुविधाहरुको घोषणा गरेपनि अभिभावकहरुले धेरै विषयमा ध्यान दिनु आवश्यक छ । मन्टेसरी अथवा नर्सरीमा भर्ना गरिने विद्यालयको भौतिक अवस्था, पूर्वाधार, खेलकुद सामग्री लगायत बालबालिकाको मनोरञ्जनका लागि चाहिने आवश्यक साधनहरु अनिवार्य रुपमा हुनैपर्छ। बालबालिकाहरुको मनोरञ्जनका लागि चाहिने सामग्री, खाजा र भोजनको व्यवस्था, शिक्षक, शिक्षिकाहरुको व्यवहार लगायतका विषयमा पनि अभिभावकहरुले अनिवार्य रुपमा ध्यान दिनैपर्छ । बालबालिकाको अक्षराम्भ गर्ने समयमै विद्यालयको विषयमा पूर्ण जानकारी लिनु आवश्यक छ । विद्यालयको विषयमा पर्याप्त जानकारी नभइ आकर्षक सहुलियतको नाममा अभिभावक आकर्षित हुनु हुँदैन् । सरकारले तोकेको मापदण्ड अनुरुपको विद्यालय रहे नरहेको कागजपत्र समेत जाँच गर्नुपर्छ। विद्यालय अवस्थित रहेको स्थानको वातावरणको विषयमा पनि ध्यान दिनुपर्छ। बालबालिकाका लागि प्रारम्भिक चरणमा छनोट गर्ने विद्यालयको विषयमा अभिभावकले यथेष्ट जानकारी लिएर मात्र नामांकन गराउनु पर्छ । कतिपय विद्यालयले नामांकन गराउने बखत निःशुल्क गरिएका कतिपय शुल्कहरु पछि लिने गरेको पाइएको छ। त्यस्तो अवस्थामा विद्यालय सञ्चालक र अभिभावकबीच तनाव सृजना हुने गरेको छ। त्यसकारण आकर्षण भन्दा गुणस्तर र विद्यालयको समग्र वातावरणलाई विशेष ध्यान दिनु पर्छ। बालबालिकाको भविष्य निर्धारणको पहिलो चरणमा आवश्यक ध्यान पुऱ्याउन सके पछिका लागि समस्या मुक्त हुन सकिनेछ। सरकारी विद्यालयका शिक्षक, व्यवस्थापन समितिका पदाधिकारीहरुले पनि आ-आफ्ना सन्तानलाई निजी विद्यालयमा नै नामांकन गराउने भएकाले सरकारी विद्यालयमा सरस्वती पूजामा नामांकनको आकर्षण हुँदैन्।

# वेबसाइटमा बढ्दो साइबर आक्रमण र सुरक्षाका उपायहरु



अच्युतकुमार ओझा

विसं २०७९ माघ १४ र १५ गते शनिबार र आइतबारका दिन नेपाल सरकारका चार सयभन्दा बढी सरकारी वेबसाइट एकाएक बन्द भयो। केन्द्रीय डाटा सेन्टरमा डिडस साइबर आक्रमण हुँदा अत्यधिक ट्राफिक देखिइ कुनै पनि आइएसपिका साइटहरुबाट नेपाल सरकारका वेबसाइट खुल्न सकेन। त्यसको २३ दिनपछि अर्थात् २०७९ फागुन ८ गतेका दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन विभागको वेबसाइट डाउन भयो। यसले गर्दा कैयौँ अन्तर्राष्ट्रिय उडान रोकिए भने यात्रुहरु अलपत्र पर्न गए।

त्यस्तै २०८० पुस १५ र १६ गतेका दिन पुनः नेपाल सरकारको वेबसाइटहरु अवरुद्ध भयो। यो श्रृङखला चलिरहेको नै छ। साइबर आक्रमणकारीहरुले सरकारी साइटहरु, वेब एप्लिकेसन र सर्भरमा आक्रमण गर्ने र आफ्ना उद्देश्य प्राप्त गर्न खोज्नु नेपालमा मात्र होइन, विश्वका विकसित देशहरुमा पनि यस्ता घटना भइरहन्छन्। तर ती देशहरुमा यस्ता घटनालाई राज्यले प्राथमिकतामा लिएर किन, कसले र कुन उद्देश्यले साइबर हमला भइरहेको छ भनी निरन्तर अध्ययन गरी सुरक्षाको नयाँ र सशक्त उपायहरु प्रयोगमा ल्याइन्छ। हाम्रो देशमा त्यो किसिमको प्राथमिकतामा पर्न सकेको देखिदैन।

सरकारी निकायलाई लक्षित गरी भएका घटनाहरु बढ्दो क्रममा छन् । विभिन्न मितिमा प्रधानमन्त्री कार्यालयका कर्मचारीहरुको इमेल ह्याक भएका छन्। शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको सर्भर डाउन भएको छ । त्यस्तै सङ्घीय संसद्को वेबसाइट केही घण्टा अवरुद्ध भएका खबर सेलाउन पाएको छैन। हालै २०८० माघ १५ गतेका दिन त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय (पनिका) ले आफ्ना विद्यार्थीहरुलाई अनलाइनमार्फत कार्यालयमा नआई शैक्षिक प्रमाणपत्र, ट्रान्सक्रिप्ट, प्रोभिजन, नम्बर पुनरावेदन र अन्य सुविधाहरु दिन सकिने गरी विश्वविद्यालयका उपकूलपति र पनिकाका प्रमुखले वेबसाइट उद्घाटन गरेका थिए। त्यसको साँझ नै कक्षा १२ का एक छात्रले सामाजिक सञ्जालबाट आफूले ह्याक गरेको सूचना सार्वजनिक गरे। माथिका यी केही प्रतिनिधि घटनाहरु हन्। यी बाहेक कैयौं साइबर अपराधका घटनाहरु बाहिर आएका छैनन् । समयमै सुरक्षाका उपायहरुको खोजी नगर्ने हो भने नेपाल सरकारको डाटा सेन्टर र वेबसाइटहरुमा भइरहेका साइबर हमला फेरि पनि नहोलान् भन्न सकिन्न।

सरकार डिजिटल नेपाल, डिजिटल फ्रेमवर्क र विद्युतीय सुशासनको अभियानमा अगाडि बढिरहेको अवस्थामा भइरहेका यस्ता साइबर अपराधका घटनाहरुले जनमानसमा विचलन र अविश्वास सिर्जना गर्न सक्ने भएकाले गम्भीर रुपमा लिनु पर्ने देखिन्छ। सरकारका पदाधिकारीहरु र जिम्मेवार निकायले साइबर अपराधका विषयमा मिडिया र सार्वजनिक स्थानहरुमा आफ्ना विचार व्यक्त गर्दा थप सजगता र गम्भीर्यताका साथ प्रस्तुत हुन आवश्यक छ। अन्यथा डिजिटल नेपालको अभियानप्रति नागरिकमा पैदा हुने शङ्काका कारण थप चुनौतीपूर्ण हुन सक्छ। सरकारका निकाय, सरकारी अभियान, सर्वसाधारणको चाहना, विश्व परिस्थिति, लागत, सहजता, प्रतिस्पर्धात्मक क्षमताको विकास, समयको बचत र विविध सुविधाको कारण राज्य र नागरिक प्रविधिको प्रयोगका लागि इच्छुक हुनु स्वभाविक हो। तर बढ्दो प्रविधिको प्रयोग र न्यून साक्षरताको कारण साइबर अपराधको घटनाको ग्राफ बढ्दो छ।

नेपाल प्रहरिको साइबर ब्यूरोको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७९/८० मा छ हजारभन्दा बढी साइबर अपराधका घटनामा संलग्नहरुलाई कारबाही गरिएको थियो। यस आर्थिक वर्ष २०८०/८१ को माघ २३ गतेसम्मको तथ्याङ्क हेर्दा साइबर अपराधमा कानुनी उपचारको लागि साइबर ब्यूरो भोटाहिटी र देशभरका प्रहरी कार्यालयहरुमा गरी १३ हजार तीन सय ३० भन्दा बढी उजुरी आइसकेको अवस्था छ । नेपाल प्रहरीको पुस मसान्तसम्मको प्रगति प्रतिवेदन हेर्दा कात्तिक १ गतेदेखि पुस २९ गते सम्ममा सामाजिक सञ्जालसम्बन्धी उजुरीउपर चार हजार नौ सय ४० कारबाही गरिएको छ। यस आर्थिक वर्षको सात महिनाको अवधिमा साइबर अपराधमा मुद्दा चलेकामध्ये हालसम्म ५१ जना व्यक्तिहरुलाई साइबर ब्युरोबाट पक्राउ गरिएको छ ।

नेपालमा टेलिघनत्व ११९.३६ प्रतिशत र ब्रोडब्याण्ड डाटा सेवाको कूल घनत्व १३५.५० प्रतिशत रहेको दूरसञ्चार प्राधिकरणको आव २०७९/८० को प्रतिवेदनमा प्रकाशन भएको छ। यसले नागरिकको प्रविधिसँगको पहुँच सहज बन्दै गएको देखाउँछ । तर साक्षरतामा भने कुनै सुधार हुन सकेको छैन। यसरी प्रविधिको उपलब्धतासँगै बढेको अपराधको ग्राफले व्यक्तिलाई मात्र नभई सरकार र सरकारी निकायहरुमा पनि साइबर अपराधीका निसाना लक्षित हुने निश्चित छ। साइबर अपराधीहरुले सरकारी वेबसाइट र डाटा सेन्टरहरुमा आक्रमण गर्नुका विभिन्न कारणहरु रहेका छन्। साथै, यस्ता वेबसाइट र डाटा सेन्टरहरु डाउन हुनुमा विविध परिस्थितिहरु समेत जोडिएका छन्।

व्यक्तिव्यक्ति बीच फरकफरक कारणले सरकारी वेबसाइटहरुमा आक्रमण गर्ने गरेको देखिन्छ। पहिलो व्यक्ति जो सिकारु छ जो साइबर आक्रमणको क्षेत्रमा नयाँ छन् उनीहरुले आफ्नो रहर र सीप परीक्षण तथा लोकप्रिय भइन्छ भन्ने भ्रमका कारण सरकारी साइटहरुमा आक्रमण गर्ने गरेको देखिन्छ । दोस्रो व्यक्ति जो व्यवसायी छ, जो साइबर आक्रमणको क्षेत्रमा अपराधिक मानसिकता बोकेर हिड्छ, उसले एकै पटक धेरै डेटा पाउन, सेवा प्रभावित पारेर दुःख दिन तथा सर्भर नै डाउन गरी मोटो रकम असुल्ने नियतले सरकारी साइटमा हमला गर्ने गरेको देखिन्छ । त्यस्तै अर्को खालको व्यक्ति जो कुनै राज्यले नै संरक्षण दिएर परिचालन गरिएको हुन्छ। यिनीहरुले आफूलाई संरक्षण दिएको राज्यको लागि काम गर्ने गर्दछन् । यस्ता अपराधीहरुले आफूलाई सञ्चालन गर्ने सरकारको हित र सुविधाको लागि अन्य राज्य वा सरकारका गोप्य रणनीति, सूचना, तथ्याङ्क र कागजपत्रहरु चोरी गर्न र थप दबाब बढाउन साइबर आक्रमण गर्ने गर्दछन्।

सरकारी वेबसाइट निर्माण गर्दा सबै किसिमको सेक्युरिटी टेस्टिङ्ग नगरी लाइभ गर्ने गर्नु, डु अल इन्टरनेट कनेक्टिभिटी नहुनु, दक्ष जनशक्तीको अभाव हुनु, कम्जोर सेक्यूरिटी आर्किटेक्चर रहनु, विद्युतीय डिभाइसहरु समयमै अध्यावधिक नगर्नु र म्यानुफ्याक्चर कम्पनीसँग डिजिटल उपकरणहरु र सफ्टवेयरको लाइसेन्स नवीकरण नियमित हुन नसक्नुले पनि यस्ता अपराधहरु पटकपटक हुने गरेका छन् । नयाँ प्रविधि र प्रयोगसँगै साइबर अपराधका कारणहरु पनि फेरिदै र बदलिदै गएको देखिन्छ। कतै सब सिस्टम धेरै भएकाले, कहिले डेटा माइग्रेसन गर्दा ध्यान नपुग्नाले, कैयौ सरकारी वेबसाइटमा इनसेक्यूअर डिजाइन रहनाले र पनिकाजस्ता संस्थाहरुको प्रायः साइटहरुमा बग रिपोर्ट गर्ने जस्ता सामान्य फिचर नभएकाले सरकारी साइटहरुमा साइबर आक्रमणका घटनाहरु बढेको देखिन्छ। यस्ता आक्रमणहरु किन, कसले र कहाँबाट भएका हुन् पहिचान गरी आवश्यक सुरक्षा अपनाउन टड्कारो आवश्यक देखिन्छ।

### साइबर सुरक्षाका उपायहरु

-नीति, नियम र कानुनको व्यवस्था : राज्यले साइबर अपराधलाई नियन्त्रण गर्नको लागि समय सान्दर्भिक कानुनको निर्माण र कार्यान्वयन गनुपर्ने देखिन्छ। नेपालमा साइबर सुरक्षा ऐन र कानुन नभएकाले विद्युतीय कारोबार ऐन २०६३ अनुसार कारबाही गरिदै आएको छ । अपराधीलाई न्यून सजाय भएकाले तत्काल साइबर सुरक्षा कानुन बनाउनु आवश्यक छ। हालै साइबर सुरक्षा नीति २०८० जारी गरिएको छ।

- दक्ष जनशक्तिको व्यवस्था : नेपाल सरकारले साइबर अपराध अनुसन्धान, नयाँ प्रविधिको खोजी र साइबर सुरक्षामा सहभागी जनशक्तिलाई थप तालीम र अभ्यासको व्यवस्था गर्ने, नयाँ पुस्तालाई साइबर सुरक्षासम्बन्धी अध्ययन गर्न देशभित्रै वातावरण निर्माण गर्ने र आवश्यकताअनुसार सरकारी निकायहरुमा थप साइबरविज्ञ जनशक्ति उपलब्ध गराउने कार्य नेपाल सरकारले गर्नु पर्ने देखिन्छ।

- पर्याप्त बजेटको व्यवस्था : बजेट अभावकै कारण कुनै पनि साइबर अपराधका घटना नघटुन् भनेर नेपाल सरकारले साइबर सुरक्षाको लागि पर्याप्त बजेटको प्रबन्ध गर्नु पर्दछ। निर्माण कम्पनीबाट लाइसेन्स नवीकरण, विद्युतीय डिभाइस र सर्भरहरुको अपडेट समयमा गर्न नसकिएका कारण साइबर अपराधका घटना भएको देखिन आएकाले समयमै बजेट उपलब्ध गरी समस्याको समाधान खोज्नु पर्ने देखिन्छ।

- डाटा केन्द्र सञ्चालन मापदण्ड : नेपालको राष्ट्रिय एकिकृत डाटा केन्द्र र हेटौंडामा अवस्थित डिजास्टर रिकभरी केन्द्रलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार सञ्चालन गर्नुपर्ने देखिन्छ । डाटा सेन्टरको सुरक्षाको लागि फायरवाल, इन्क्रिप्सन, एक्सेस कन्ट्रोल र इन्स्ट्रक्सन डिटेक्सन सिस्टम (आइडिएस) आदिको प्रयोग गर्न सकिन्छ।

- भौतिक सुरक्षा : डाटा सेन्टर र यसमा भएका विभिन्न भौतिक सामग्री तथा उपकरणको भौतिक सुरक्षामा समेत चनाखो हुनु आवश्यक छ। विशेषतः यस्ता उपकरण महँगा हुने भएकाले चोरी हुने, नष्ट गर्न सक्ने भएकाले भर्चुअल र भौतिक सुरक्षा दुबैमा ध्यान दिन आवश्यक छ। साइबर विज्ञहरुमार्फत सेवा सञ्चालनसँगै २४ सै घण्टा सातै दिन अनुगमन/निरीक्षण/निगरानीको व्यवस्था गर्नु पर्ने हुन्छ।

- जनचेतना अभिवृद्धि : नेपाली नागरिक र सरकारी निकायमा कार्यरत कर्मचारीहरुमा साइबर सुरक्षासम्बन्धी चेतनाको अभावको कारण समेत कतिपय घटनाहरु भएका छन् । यसको नियन्त्रण र रोकथामको लागि सर्वसाधारण नागरिकदेखि कर्मचारीहरुलाई साइबर सुरक्षा सचेतना अभिवृद्धि गर्न आवश्यक छ।

- संरचनागत सुधार : साइबर सुरक्षा सुनिश्चितताको लागि नेपाल सरकारले सञ्चालनमा ल्याउने सबैखाले वेबसाइटहरुको सुरक्षा परीक्षणपछि मात्रै लाइभ गर्ने गर्नु पर्दछ। बिना परीक्षण हतारमा लाइभ गर्ने गर्नु हुँदैन। साथै प्रयोगमा रहेका तथा प्रयोगमा ल्याउन लागिएका प्रविधि, सर्भर र साइटहरुको सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८ ले सरकारी कार्यालयले सूचना प्रविधि विभागबाट वेबसाइटको सुरक्षा र विश्वसनीयताको सम्बन्धमा वर्षको कम्तीमा एकपटक सुरक्षा परीक्षण गर्नुपर्ने भनेको छ । तर प्रभावकारी र नियमितरुपमा हुन सकेको छैन। तसर्थ नियमित साइबर सुरक्षा अडिट गर्न आवश्यक छ। यस्ता उपकरण र सफ्टवयरको प्राविधिक अडिट समेत गर्नका लागि आवश्यक संरचना तयार गर्नुपर्ने देखिन्छ।

- ब्याकअप : डाटा केन्द्रहरुमा भएका सम्पूर्ण उपकरण तथा सामग्रीहरुमा कुनै आक्रमण भएमा त्यसलाई तत्काल हटाएर नयाँ सामग्री जडान गर्नको लागि ब्याकअप हुन आवश्यक छ। यसरी साइबर आक्रमणमा परेका उपकरणहरु सङ्क्रमित हुने उच्च सम्भावना भएकाले त्यसैलाई प्रयोग गरिएमा साइबर अपराध हुने सम्भावना अत्याधिक रहन्छ। यसको लागि ब्याकअपको व्यवस्था गरिनु पर्दछ। यसको साथै नयाँ सर्भर खडा गरी सिङ्गो सर्भरको नै ब्याकअपको व्यवस्था गरिनुपर्छ। यसले गर्दा साइबर आक्रमण भई एउटा सर्भर डाउन भएर वेबसाइटहरु नचल्दा तत्काल अर्को सञ्चालनमा ल्याई सरकारी साइटहरु र डेटा सुरक्षित गर्न सकिन्छ।

अन्त्यमा, बढ्दो डिजिटलाइजेशनसँगै बढेको साइबर अपराधका घटना सिङ्गो विश्व जगतको टाउको दुखाई बनेको छ। यस्ता अपराधीहरु आफ्नो पहिचान लुकाएर एउटा देशको सिमानाभित्र बसेर अर्कै देशमा अपराध कर्म सहजै गर्न सक्छन् । यस्ता व्यक्ति पहिचान जटिल हुने हुँदा कारबाहीको दायरामा ल्याउन निकै चुनौतीपूर्ण बनेको छ । यसैले नेपाल जस्तो विकासोन्मुख मुलुकले साइबर सुरक्षा कबजका रुपमा माथिका विविध पाटाहरुमा आफूलाई अब्बलरुपमा अगाडि लैजान आवश्यक छ। तसर्थ, नेपाल सरकार र नेपाली नागरिकले साइबर अपराधबाट बच्न बलियो पूर्वतयारी गर्नुको विकल्प छैन । (लेखक साइबर सुरक्षासम्बन्धी विषयका जानकार हुनुहुन्छ)

# 'झोलुङ्गे पुलले जोडेको मन'

अमरेन्द्रकुमार यादव



सिरहाको सिरहा नगरपालिका-१९ का मुगालाल यादव ९२ वर्षको हुनुभयो । उहाँले बाल्यकालदेखि नै कमला नदीमाथि पुल बन्छ भनेर सुन्दै आउनुभएको थियो तर यतिका वर्षसम्म पनि मोटर गुड्ने पक्की पुल बनेको छैन। त्यही छेउमा अहिले भने झोलुङ्गे पुल बनेको छ।

शनिबार त्यही पुल हेर्न आउनुभएका ९१ वर्षीय यादव जीवनको उत्तरार्द्धमा कमला नदीमाथि झोलुङ्गे पुल देख्दा दङ्ग हुनुहुन्थ्यो। खुसी हुँदै उहाँले भन्नुभयो, "झोलुङ्गे पुल भए पनि वर्षौंपछिको सपना पूरा भएको छ। अब जोखिम मोलेर नदी पार गर्नुपर्ने बाध्यताको अन्त्य भएको छ।" यादवले कमला नदीमा पुल नहुँदा आफ्नो पुस्ताले भोगेको सास्तीबाट नयाँ पुस्ताले मुक्ति पाएको देखेर निकै हर्षित भएको सुनाउनुभयो। "सिरहा घर भए पनि ससुराली, मावली, दिदीबहिनी, फुपू, इष्टमित्रहरुको सिमापारी धनुषामै छ । तर अहिलेसम्म हत्केलामा ज्यान राखेर ओहोरदोहोर गर्नुपर्थ्यो । झोलुङ्गे पुलले वर्षौंदेखिको त्यो समस्या समाधान गरेको देख्दा निकै रमाइलो पनि लागिरहेको छ", यादवले रासससँग खुसी व्यक्त गर्नुभयो। नदीले वारि र पारि बनाएका मनहरुलाई पुलले भौतिकरुपमै जोडेको उहाँको भनाइ छ।

उहाँ मात्रै होइन, सिरहा नगरपालिका-१३ का महावीर ठाकुर पनि निकै प्रफुल्ल हुनुहुन्थ्यो। स्वास्थ्य समस्या र विपत्तीकाबेला सहजरूपमा अस्पताल जान सजिलो हुने भन्दै उहाँ खुसी हुनुहुन्छ। "पुल नहुँदा वर्षायामको समयमा धेरै समस्या थियो । जोखिम मोलेर डुङ्गाबाट ओहोरदोहोर गर्दा पनि समस्या थियो । त्यही डुङ्गाबाट जाँदा दर्जनौं नागरिकले ज्यान गुमाइसकेका छन्। अब भने सहज हुने भयो। निकै खुसी लागिरहेको छ।"

जनकनन्दनी गाउँपालिका-४ खजुरीका रमेश साह मोटरसाइकलमा झोलुङ्गे पुल हुँदै वारपार गर्न पाउँदा अहिलेसम्म पाएका सबै दुःख बिर्सिएको बताउनुहुन्छ । "कमला नदीमाथिको पक्की पुलबाट कहिले वारपार गर्न पाइने हो टुङ्गो नै छैन। तर झोलुङ्गे पुलबाट यति चाँडै आउजाउ गर्न पाउँदा पहिले भोगेका सास्ती सबै भुलाएको छ", साहले खुसी हुँदै भन्नुभयो।

धनुषा र सिरहा सीमानामा पर्ने कमला नदीमा झोलुङ्गे पुल निर्माण भएपछि अहिले यहाँका नागरिकलाई कमला नदिको अवरोध छिचोल्न सहज भएको छ। अहिले मोटरसाइकल चालक र पैदल यात्रुहरुले यो पुलबाट वारपार गर्ने गरेका छन्। धनुषाको जनकनन्दिनी गाउँपालिका-६ कठाल र सिराहा नगरपालिका–१३ मलहनियाँलाई जोड्न कमला नदीमा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको हो। अहिले पुल हेर्नका लागि मात्रै पनि यहाँ दैनिक सयौं मान्छे आउने गरेका छन्।

### समयअगावै बन्यो पुल

नेपालकै लामो भनिएको यो पुल सस्पेन्सन बृज डिभिजन पुल्चोक ललितपुरअन्तर्गत निर्माण भएको हो। विसं २०७८ फागुन २७ गतेको बोलपत्रअनुसार सपना, उमा एण्ड कम्पनी, थानी जेभी कन्सट्रक्सन बतीसपुतली काठमाडौंले यो पुल निर्माण गरेको थियो। सो कम्पनीसँग २०७९ असार ४ गते भएको ठेक्का सम्झौताअनुसार २०८१ असारमसान्तसम्म पुल निर्माण गरिसक्नु पर्ने शर्त थियो। सोहीअनुसार २०७९ मङ्सिर २ गतेदेखि पुल निर्माण सुरु गरेको कम्पनीले सम्झौता अवधिभन्दा छ महिना अगावै सम्पूर्ण कार्य सम्पन्न गरिएको कम्पनीका सब इन्जिनीयर उपेन्द्र देवकोटाले जानकारी दिनुभयो।

रु २१ करोड ५० लाख १० हजार सात सय लागत रहेको सो पुललाई नेपालकै लामो पुल भनेर दाबी गरिएको छ। यो पुलको लम्बाई एक हजार पाँच सय दशमलव ४४ मिटर लामो र एक दशमलव दुई मिटर चौडाइ छ। यसअघि सबैभन्दा लामो भनिएको सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लास्थित महाकाली नदीमाथि बनेको दोधारा चाँदनीको झोलुङ्गे पुलको लम्बाई एक हजार चार सय ५३ मिटर लामो छ।

यस्तै पुलको भार क्षमता पाँच सय ४० मेट्रिक टन रहेको निर्माण कम्पनीका सब इन्जिनीयर देवकोटाले बताउनुभयो । उहाँका अनुसार पुलमा तीन हजार आठ सय ८६ पैदल यात्रीको भार क्षमता रहेको छ । कठाल मल्हनिया मल्टी स्पान झोलुङ्गे पुल सिरहा धनुषा नाम दिइएको यो पुलका लागि ३४ करोड बजेटको व्यवस्था भए पनि सार्वजनिक बोलपत्रको प्रकृयाबाट १९ प्रतिशत घटीमा निर्माण कम्पनीले ठेक्का लिएको थियो । त्यसबाहेक, बृज डिभिजनले पुलमा लाग्ने तीन करोड बराबरको लट्ठा छुट्टै निर्माण उपलब्ध गराएको देवकोटाको भनाइ छ।

पुलकै प्राविधिक सरोज खड्काले कम्पनीको निर्देशनअनुसार दिनरात नभनेर काम गर्दा सम्झौता अमयावधिभन्दा अगावै पुल निर्माण सकिएको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "पुल नहुँदा यहाँका नागरिकले भोगिरहेको समस्या देख्यौं । त्यसबाट चाँडै छुटकारा दिने सङ्कल्पअनुसार निर्माणमा संलग्न हामीहरु सबैले चाडवाड, झरी बादल, दिनरात केही नभनी काममा खटियौ । त्यसैको परिणाम हो यो। अहिले स्थानीयहरुको खुसी देखेर हामीलाई ठूलो आत्मसन्तुष्टि भइरहेको छ।"

पुलको परिकल्पनाकारमध्येका इञ्जिनीयर विनोदकुमार मण्डलले यो पुल महेन्द्र राजमार्गको मात्रै होइन, अलपत्र हुलाकी राजमार्गअन्तर्गतको कमला पुलको पनि विकल्प भएको बताउनुभयो । पुल निर्माणका लागि स्वयंसेवकको रुपमा सहयोग गरिरहेका मण्डलले भन्नुभयो, "धनुषा र सिरहालाई जोड्ने कमला नदीमा निर्माणाधीन कमला पुल अपलत्र छ । नागरिकसँग अर्को सहज विकल्प थिएन । अब यो पुल नै दुई जिल्लाका लाखौं नागरिकका लागि विकल्प बनेको छ।"

हुलाकी सडकमा निर्माण गरिएको कमला पुल सञ्चालन नहुँदै भासिएपछि सिराहाबाट करिब ३५ किलोमिटरको दूरीमा रहेको प्रदेशको राजधानी जनकपुरधाम पुग्न पूर्व-पश्चिम राजमार्ग तथा भारतको जयनगर हुँदै जानुपर्ने बाध्यता हटेको इन्जिनीयर मण्डलले बताउनुभयो। झोलुङ्गे पुल निर्माण भएसँगै दूरी छोटिएपछि सिराहाको मल्हनिया, माडर, पटेर्वा, गम्हरिया र पूर्वी धनुषाको पतनुका, बनरझुल्ला, खजुरी, चन्हा, महुवा, बलहा, कठाल, सघारा र माचीभिटकैयाका नागरिकलाई प्रत्यक्ष फाइदा पुगेको छ।

धनुषाको सबैला नगरपालिकाअन्तर्गत पटेर्वा र सिरहाको कल्याणपुर नगरपालिकाअन्तर्गतको चिकना जोड्ने कमला नदीको पक्की पुलको शिलान्यासको अवसर पारेर यसै महिना यस पुलको पनि उद्घाटन गराउने कार्यक्रम रहेको बताइएको छ।

### 'भारत पुग्नुपर्ने बाध्यता हट्यो'

धनुषाबाट सिरहा र सिरहाबाट धनुषा अर्थात् प्रदेश राजधानी जनकपुरधाम पुग्न महेन्द्र राजमार्ग या त भारतको जयनगर पुग्नुपर्ने भएकाले अधिकांश नागरिकले यही बाटो प्रयोग गर्छन्। तर यहाँ न मोटर गुड्ने पक्की पुल छ न त विकल्प नै थियो। यो बाटो प्रयोग गर्दा करिब ६० किलोमिटर दूरी छोटिन्छ । अरु बाटो प्रयोग गर्दा ८७ किलोमिटर लामो दूरी पार गरेर दुबै जिल्लाका सदरमुकाम पग्नुपर्छ।

यो झोलुङ्गे पुलले आफ्नै प्रदेश राजधानी जनकपुरधाम पुग्न भारत भएर जानुपर्ने र त्यहाँ जाँदा भोग्नुपरेको सास्तीबाट आंशिकरुपमा भए पनि छुटकारा मिलेको छ । "राजमार्गको बाटो जाँदा धेरै दूरी पार गर्नुपर्छ। भारतीय बाटो प्रयोग गर्दा समयको बर्बादी त थियो नै भारतीय पक्षबाट अपमान पनि भोग्नुपर्ने समस्याको अन्त्य भएको छ", इञ्जिनीयर मण्डलले भन्नुभयो।

### शिक्षा र स्वास्थ्यमा पहुच बढ्ने

पुल निर्माणले स्वास्थ्य क्षेत्रमा नागरिकको पहुँच बढ्ने प्रादेशिक अस्पताल सिरहामा कार्यरत अर्थोसर्जन डा.रवि श्रीवास्तव बताउनुहुन्छ। लामो दूरीका कारण यसअघि स्वास्थ्योपचारका लागि जनकपुरधाम नपुगेर कोशी प्रदेशको बिराटनगर पुग्ने गरिएकामा अब त्यो बाध्यता हट्ने विश्वास जागेको उहाँले बताउनुभयो।

त्यसैगरी जनकपुरधाम टाढा भएकाले धनुषाको जनकनन्दनी र कमला नगरपालिकाका कठाल, उदहा, सघारा, लगमालगायतका विद्यार्थीहरु सिरहामा पढ्दै आएका थिए। तर पुलको अभावमा निकै समस्या थियो। "जनकपुरधाम टाढा भएकाले यहाँका विद्यार्थीहरु प्राथमिक शिक्षादेखि उच्च शिक्षा पढ्नै सिरहा नै जाने गर्छन् तर पुल नभएका कारण निकै सास्ती थियो । अब केही हदसम्म समस्या समाधान भएको सिरहा नगरपालिका-७ का शिक्षक जयचन्द्र यादवले बताउनुभयो।

### बजारीकरणमा टेवा पुग्ने

त्यस्तै पुल निर्माणपछि यस क्षेत्रका किसानलाई कृषिउपजको बजारीकरणमा समेत टेवा पुग्ने अपेक्षा गरिएको धनुषा जनकनन्दनी गाउँपालिका-६ कठालका रामसेवक यादव बताउनुहुन्छ । उहाँले भन्नुभयो,"पुलको अभावले स्थानीयवासी किसानहरुलाई आवतजावतका साथै कृषिजन्य उत्पादन बजारमा पुऱ्याउन असहज भएको थियो । पुलको निर्माणसँगै यस क्षेत्रमा उत्पादित कृषिजन्य वस्तुको सहज बजारीकरणले व्यावसायिक कृषिप्रतिको आकर्षणसमेत बढाउनेछ।"

धनुषाको खजुरीमा रहेका ऐतिहासिक लक्ष्मीनारायण मन्दिर र सिरहामा रहेका मिथिलाका विभूति राजा सल्हेशको मन्दिरजस्ता पर्यटकीयस्थलमा पनि आन्तरिक धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने स्थानीय रामविनोद यादव बताउनुहुन्छ।

# युद्धका सहयात्रीलाई एकताबद्ध हुन अध्यक्ष दाहालको अपिल

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनयुद्धमा योगदान दिने सम्पूर्ण परिवर्तनका पक्षधरलाई एकताबद्ध हुन अपिल गरेका छन् । जनयुद्ध दिवसको सन्दर्भ पारेर माओवादी केन्द्रले मंगलबारदेखि राजधानीमा आयोजना गरेको प्रथम विधान सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले परिवर्तनका लागि बलिदान गर्ने योद्धालाई आरोपित गर्ने अधिकार कसैसँग पनि नभएको उल्लेख गरे ।



सबै क्रान्तिकारी एकताबद्ध हुने राम्रो अवसर भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भने, "एकै मोर्चा र केन्द्रमा एकताबद्ध गर्न आग्रह गर्दछु । ढिलो नगरौँ, समीक्षा गरौँ, नयाँ लहर सिर्जना गरौँ । माओवादी युद्धका सहयात्रीहरु आउनुहोस् । यो मोर्चालाई एकताबद्ध गरौँ ।" सामाजिक न्याय र सुशासन कायम गरेर अगाडि बढ्ने अवसर भएको भन्दै उनले सङ्कल्प गर्ने यस दिनमा सबै एकताबद्ध हुन अपिल गरे ।

जनयुद्ध नेपालको इतिहासको दूरगामी महत्वको रहेको र आगामी दिनमा पनि रहने विश्वास व्यक्त गर्दै अध्यक्ष दाहालले नेपालमा जनयुद्ध सम्भव छ भन्ने निष्कर्षसहित आफूहरु अगाडि बढेको तथा सोहीअनुसार जनताले अभियानमा सहयोग प्रदान गरेको स्मरण गरे ।

जनयुद्धको दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष एवं उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले जनयुद्ध दिवस मनाउन बिदा दिएको भए पनि अदालतको निर्णयलाई स्वीकार गर्नुपरेको यथार्थ सुनाए । सरकारले बिदा नदिए पनि क्रान्तिकारीहरुले यस बिदालाई भव्यरुपमा मनाउने उल्लेख गर्दै उनले यस दिनलाई उच्च सम्मान गर्नुपर्ने बताए ।

> प्रस्तावित विधानमा गत माघ २६ र २७ गते पार्टीको स्थायी समिति बैठकमा छलफल भएको थियो । गत भदौ १६ देखि पुस १७ गतेसम्म सञ्चालित पार्टी रुपान्तरण अभियानको समीक्षा गर्न आइतबार र सोमबार भएको केन्द्रीय समितिको बैठकमा विधान सम्मेलनको तयारीबारे पनि छलफल भएको थियो । छलफलमा सहभागी केन्द्रीय सदस्यले विधानको मस्यौदालाई संक्षिप्त र कार्यान्वयनयोग्य बनाइनुपर्ने तथा पार्टीको संरचनालाई चुस्त बनाइनुपर्नेमा जोड दिएका थिए ।

"नेपालको ऐतिहासिक परिवर्तनमा मुख्य र निर्णायक भूमिका प्रचण्डको नेतृत्वमा सम्पन्न भएको जनयुद्ध नै थियो भन्ने कुरामा कुनै विवाद छैन, विवाद पनि गर्न हुँदैन", उपाध्यक्ष श्रेष्ठले भने, "शान्ति प्रक्रिया अगाडि बढाउने क्रममा अध्यक्ष प्रचण्डकै नेतृत्वमा भएको र यसले नेपाली समाजलाई रुपान्तरण गरेको छ, उनकै दूरदृष्टिअनुसार जनयुद्धले गणतन्त्र स्थापना भएको हो ।"

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा मात्र हाम्रो लक्ष्य नभएको उल्लेख गर्दै उपाध्यक्ष श्रेष्ठले शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गरेर समाजवादउन्मुख लोकतान्त्रिक गणतन्त्र दिशामा अगाडि बढ्नु पार्टीको मूल लक्ष्य हुनुपर्ने बताए । समाजवादको नयाँ आधार तयार पार्नका लागि सबै क्रान्तिकारी शक्तिलाई एकताबद्ध गरेर अगाडि बढाउनुपर्नेमा जोड दिँदै उनले राष्ट्रिय सार्वभौमिकता, प्राप्त उपलब्धिको रक्षा, सुशासनसहितको समृद्धि र शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्नु नै अबको कार्यभार भएको बताए ।

माओवादी केन्द्रको विधान सम्मेलन आजदेखि राजधानीमा सुरु भएको छ । तीन दिनसम्म सञ्चालन हुने उक्त सम्मेलनमा एक हजार दुई सयभन्दा बढी प्रतिनिधि सहभागी छन् । सम्मेलनमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, तीन केन्द्रीय आयोगका सदस्य, सात भौगोलिक र तीन गैरभौगोलिक प्रदेशका पदाधिकारी तथा जनवर्गीय सङ्गठनका पदाधिकारी सहभागी छन् । पार्टीलाई व्यवस्थितरुपमा सञ्चालनका निम्ति आवश्यक विधान बनाउन सम्मेलन आयोजना गरिएको माओवादी केन्द्रले जनाएको छ । पार्टीले विधानको मस्यौदा तयार गर्न उपाध्यक्ष पम्फा भुसालको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरेको थियो । सो समितिमा महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव गिरिराजमणि पोखरेल, वर्षमान पुन र जनार्दन शर्मा, सचिव सुरेन्द्र कार्की र गणेश साह सदस्य हुनुहुन्थ्यो । समितिले गत पुस २७ गते पार्टी अध्यक्ष दाहाललाई विधानको मस्यौदा बुझाएको थियो ।

प्रस्तावित विधानमा गत माघ २६ र २७ गते पार्टीको स्थायी समिति बैठकमा छलफल भएको थियो । गत भदौ १६ देखि पुस १७ गतेसम्म सञ्चालित पार्टी रुपान्तरण अभियानको समीक्षा गर्न आइतबार र सोमबार भएको केन्द्रीय समितिको बैठकमा विधान सम्मेलनको तयारीबारे पनि छलफल भएको थियो । छलफलमा सहभागी केन्द्रीय सदस्यले विधानको मस्यौदालाई सङ्क्षिप्त र कार्यान्वयनयोग्य बनाइनुपर्ने तथा पार्टीको संरचनालाई चुस्त बनाइनुपर्नेमा जोड दिएका थिए ।

# नेपाल वैदिक सनातन संस्कृतिको उद्गमस्थल रहेको राष्ट्रपतिको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल वैदिक सनातन संस्कृतिको उद्गमस्थल रहेको बताएका छन् । गार्गी कन्या गुरुकुलद्वारा मंगलबार आयोजित श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको उद्घाटन गर्दै उनले गुरुकुलको विकासका लागि राज्यले विशेष ध्यान दिने विश्वास व्यक्त गरे ।

राष्ट्रपति पौडेलले कन्यालाई वेद शिक्षा प्रदान गर्नका लागि गार्गी कन्या गुरुकुल विद्याश्रमले खेलेको भूमिकाको उच्च प्रशंसा गरे । "समाजलाई सभ्य, सुसंस्कृत र समृद्ध बनाउन नारीहरूलाई सुशिक्षित, स्वावलम्बी र सशक्त बनाउनुपर्छ,"- उनले भने । देशमा रहेका गुरुकुलमा कन्यालाई यथोचितरुपमा वैदिक शिक्षा दिने व्यवस्था हुन नसकेको अवस्थामा यसबाट उनीहरुलाई गुरुकुलको वातावरणमा वैदिक शिक्षा दिने प्रबन्ध गर्नु सुखद पक्ष भएको राष्ट्रपति पौडेलको भनाइ थियो । उनले ऋषिमुनि र तपस्वीको आदर्शको अनुशरण गर्दै देवघाटधाममा सन्त महात्माले आश्रम र गुरुकुल चलाएर यहाँको महत्वलाई बढाउनु प्रशंसनीय कार्य भएको बताए ।

"गुरुकुलबाट शिक्षित जनशक्तिले आफ्नै माटोको मौलिक संस्कार, संस्कृति, सहअस्तित्व र स्वाभिमानको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने मलाई लागेको छ," राष्ट्रपति पौडेलले भने । विश्वको सबैभन्दा प्राचीन ग्रन्थ र आध्यात्मिक ज्ञान, विज्ञानको मूल वेदलाई मानिएको उल्लेख गर्दै उनले नेपाल देवभूमि र अध्यात्म साधनाभूमिको रूपमा चिनिने गरिएको बताए ।

राष्ट्रपति पौडेलले परापूर्वकालमा यहाँका विभिन्न पावन तीर्थमा रहेर वसिष्ठ, विश्वामित्र, याज्ञवल्क्य, अष्टावक्र र गार्गीजस्ता ऋषिमुनिले कठोर साधना गरेको तथा आफ्नो तपस्याको बलमा अलौकिक शक्ति आर्जन गरेको उल्लेख गरे । समारोहमा बागमती प्रदेशका पर्यटनमन्त्री पुकार महर्जनले वैदिक सनातन संस्कृतिसँग जोडिएको गार्गी गुरुकुल विद्याश्रमको विकासमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने बताए । उनले गार्गी गुरुकुलको विकासका लागि प्रदेश सरकारले रु ४५ लाख सहयोग गर्ने आश्वासन दिए । महायज्ञका लागि प्रदेश सरकारले रु पाँच लाख सहयोग गर्ने उनले बताए ।

भरतपुर महानगरपालिकाकी नगरप्रमुख रेनु दाहालले कन्यालाई नैतिकवान र योग्य नागरिक बनाउनका लागि गार्गी गुरुकुलबाट सहयोग पुग्ने बताए । उनले गार्गी कन्या गुरुकुलको विकासका लागि भरतपुर महानगरपालिकाले सहयोग गर्ने बताए । महायज्ञ आयोजक मूल समारोह समितिका संयोजक डा गोविन्द टण्डनले नारीलाई आध्यात्मिक चेतना जागृत गराउने उद्देश्यले २०७५ सालमा गार्गी कन्या गुरुकुल विद्याश्रम स्थापना गरिएको जानकारी दिए । मंगलबारदेखि सुरु भएको श्रीमद् भागवतमहायज्ञ यही फागुन ९ गतेसम्म चल्नेछ ।

# कार्यकारी राष्ट्रपति आवश्यक छ : सांसद शाही

नेपालगञ्ज । मुलुकको राजनीतिक प्रणालीका विषयमा नेकपा (माओवादी केन्द्र)ले संविधान लेखनका क्रममा आफ्नो दृष्टिकोण स्पष्ट गरेको थियो । अर्थात् मुलुकको स्थायित्व र विकासका लागि माओवादीले अघि सारेको कार्यकारी राष्ट्रपतिको व्यवस्था सही रहेको विषय अहिले पुष्टि हुँदै गएको छ । कम्तीमा पाँच वर्ष सत्ता सम्हाल्ने व्यवस्था जरुरी भइसकेको छ, यसबाट मात्र देशमा राजनीतिक स्थिरता आउँछ र देश बन्न सक्छ । अहिलेको अवस्थामा छ महिना, एक वर्ष वा दुई वर्ष पनि सरकार नटिक्ने स्थिति छ । आफैँले अघि सारेका दृष्टिकोण वा कार्यक्रम पूर्ण कार्यान्वयन गर्न सक्ने अवस्थामा सरकार देखिन्न ।



> म आफैँ मुख्यमन्त्री हुँदा केही लगानी गरियो, अहिले दलित आयआर्जन कार्यक्रम, महिला आयआर्जन कार्यक्रम भनेर सबै पालिकामा लगिएको छ । तर यसका लागि बजेट न्यून छ । एउटा पालिकामा रु २५ लाखभन्दा बढी छैन । यस्तै प्रकारको लगानी संघीय सरकार र प्रदेश सरकारबाट भयो भने गरिबी न्यूनीकरण गर्न मद्दत पुग्नेछ ।

तीव्र विकास र आर्थिक समृद्धिमा जोड दिने, रोजगारी सिर्जना गर्ने, नागरिकलाई आर्थिक हिसाबले सम्पन्न बनाउने, जनताले खोजेको सामाजिक न्यायसहितको सुशासनको कुरामा जोड दिने, भ्रष्टाचार नियन्त्रण गर्ने, सामाजिक न्याय स्थापित गर्ने, भौगोलिक उत्पीडन समाप्त पार्ने, दलित समुदायमाथिको उत्पीडन हटाउनेजस्ता अनेकन काम गर्नुपर्ने चुनौती हामीबीच छ । यस्ता ज्वलन्त समस्याको सम्बोधन र समाधानका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा राष्ट्रप्रमुखको आवश्यकता छ ।

हामीले स्वीकार्नुपर्छ, नेपालको संविधानमा अझै पनि त्रुटि छन् । निर्वाचन प्रणालीमा पनि सुधारको खाँचो छ । कार्यकारी राष्ट्रपतिलाई सरकार गठनमा स्वतन्त्र राख्न सकिए देशमा स्थायित्व सिर्जना हुन्छ र विज्ञहरूको अग्रसरतामा अनेकन सुधारका कार्यहरू गर्न सकिन्छ भन्ने लाग्छ । उदाहरणका लागि, सञ्चारको क्षेत्रमा सूचना प्रविधि विषय पढेको व्यक्तिलाई जिम्मेवारी दियौँ भने त्यसले देखिनेगरी सुधार ल्याउन सक्छ । कृषि विषेशज्ञलाई कृषिमन्त्री बनायौँ भने कृषिमा सुधार आउन सक्छ । अहिले मन्त्रिपरिषद्मा विषयविज्ञ व्यक्तिको अभाव छ । एउटा राजनीतिज्ञ मन्त्री भएर मन्त्रालयमा प्रवेश त गर्छ तर सम्बन्धित विषयमा अनभिज्ञता देखियो ।

हामी राजनीतिज्ञमा पनि म मन्त्री भइसकेको भन्ने अहङ्कार बढेको छ । म सांसद भइसकेको छु भन्ने अहङ्कार छ । यो अहङ्कारले हाम्रो ज्ञानलाई रोकेको छ । जुन क्षेत्र हो त्यो क्षेत्रको विज्ञ मान्छेलाई अवसर दिने, मन्त्रालयका सचिव पनि विषयगत राख्न सकिए परिणाम भिन्न हुन्छ । अमेरिकी राष्ट्रपतिको जस्तै पाँच वर्षसम्म मन्त्री, उच्चपदस्थ कर्मचारीको सेट बनाएर रातदिन काम गर्न सकिन्छ र त्यसले छोटो अवधिमै देशको विकास गर्न सक्छ ।

अहिले हामी एक किसिमको संसदीय अभ्यासमा छौँ । तर चुनावमा यति धेरै विकृति किन पैदा भयो ? चुनाव जितेपछि सबै माननीयको सपना भनेको मन्त्री बन्ने छ । ठूलो रकम खर्चेर चुनाव जितेपछि मन्त्री बन्न होडबाजी हुने नै भयो । यसकारण पनि चुनाव महँगो भयो । सांसदको भूमिका भनेको त संविधान निर्माण, संशोधन वा कानुन निर्माण गर्ने, राष्ट्रियतामाथि कुनै आँच आउने काम भए त्यसको खबरदारी गर्ने, जनसरोकारका विषयमा काम भएको छ वा छैन, सरकारले प्रभावकारी काम गरेका छ वा छैन यसको निगरानी गर्ने, नियमन गर्ने हो ।

अहिले संसद्ले आफ्नो तोकिएको भूमिका सफलतापूर्वक निर्वाह गर्न सकिरहेको छैन । विडम्बना नै भन्नुपर्छ, संसद् चलेको बेला कुर्सीहरू सबै खाली देखिन्छन् । आफ्नो दायित्व के हो ? महत्व के हो ? भूमिका के हो ? भन्ने सांसदले बुझ्न सकेनन् भने यसबाट परिणाम आउन सक्दैन । सरकारको कुरामात्रै होइन, संसद्ले पनि परिणाम निकाल्न सकेन ।

झण्डै सात वर्ष हुन लाग्यो, संसद्ले संविधानले परिकल्पना गरेबमोजिमका धेरैवटा सङ्घीय कानुन बनाउन सकेको छैन । संसद्को लागि त्यत्रो पैसा खर्च भएको छ । हामीले हाम्रो भूमिका निर्वाह गर्न सकिरहेका छैनौँ । यसैले यस्ता प्रकारका तमाम समस्या आउनु भनेकै संविधानमा रहेका त्रुटि वा कमी हुन् । यसलाई अविलम्ब संशोधन गरेर समस्याको हल खोज्नुपर्छ ।

मिनी संसद्को रूपमा रहेका संसदीय समितिका बैठकहरू पनि कोरम नपुगेर, बहुमत नपुगेर टुङ्गिएका छन् । समितिलाई पनि काम गर्ने जुन अख्तियारी दिइएको छ त्यो अख्तियारी पूरा गर्ने मामलामा पनि समस्या छ । हस्तक्षेपकारी भूमिका छैन, निरीहजस्तो देखिएको छ । हामीले भनेको कहाँ मान्छन् वा कहाँ सुन्छन् भन्ने अभिव्यक्ति सुनिन्छ, यसले समिति नै कमजोर भएको देखाउँछ । कमजोर समितिले केही काम गर्न सक्दैन । शक्तिशाली भूमिका निर्वाह गर्ने कुरामा समितिको कहीँ न कहीँ समस्या देख्छु ।

म कालिकोट जिल्लाबाट निर्वाचित भएको हुँ । कालिकोट जिल्ला मानव विकासको सूचकाङ्कमा कमजोरमा एक नम्बरमा आउँछ । भौतिक पूर्वाधारका हिसाबले पनि कालिकोट पछि परेको छ । कालिकोट चट्टान नै चट्टान भएको जिल्ला हो । त्यहाँ सडक बनाउन पनि विस्फोटक पदार्थले चट्टान फुटाउनुपर्छ । त्यसैले यहाँ सडकको अभाव छ । बल्ल एउटा करिडोरको काम गर्यौँ । त्यसबाहेक अहिले जनतालाई आफ्नो घरसम्म पुग्ने अर्को बाटो छैन ।

जिल्लामा राष्ट्रिय विद्युत् प्रसारणको लाइन त पुग्यो तर सीमित पालिकामा मात्रै पुगेको छ । यहाँ कछुवाको गतिमा काम भइरहेको छ । स्वास्थ्योपचारको सेवा पनि यहाँ सहजै प्राप्त गर्ने अवस्था छैन । एउटा पालिकामा विशेषज्ञसहितको एउटा अस्पताल बनाउन आवश्यक छ । किनभने अहिले कोही बिरामी भए बोकेर ल्याउनुपर्ने अवस्था छ । सरकारको नीति नै एक पालिकामा १५ शय्याको अस्पताल बनाउने रहेको छ । तर यो कार्यान्वयन हुनसकेको छैन, नारामा मात्रै सीमित भएको छ । त्यस्तै शिक्षाको समस्या पनि छ, टिनका टहरामा विद्यालय छन् ।

पूर्वाधार विकासको समस्यासँगै जिल्लाको सबैभन्दा ठूलो समस्या गरिबी हो । कालिकोटमा भएका स्रोतसाधनको उपयोगका लागि राज्यले नै लगानी गर्नुपर्ने आवश्यकता छ । जस्तै भेडापालन र बाख्रापालन गरेर आम्दानी बढाउन सकिन्छ । खानीका कुरा छन् । जलविद्युत् उत्पादनको सम्भावना व्यापक छ । गरिबीको अन्त्य कसरी गर्ने ? गरिबी कसरी घटाउने ? भन्ने विषयमा सोच्न जरुरी छ । कालिकोट खासगरी दलित समुदायको बाहुल्य भएको जिल्ला पनि हो । तथ्याङ्कले देखाएका छन्, उनीहरू नै बढी पीडित भइरहेका छन् । दलित समुदायका पक्षमा फरक कार्यकम र प्याकेज लिएर उनीहरुको जीवनस्तर सुधारमा ध्यान दिन जरुरी छ भन्ने लाग्छ । म आफैँ मुख्यमन्त्री हुँदा केही लगानी गरियो, अहिले दलित आयआर्जन कार्यक्रम, महिला आयआर्जन कार्यक्रम भनेर सबै पालिकामा लगिएको छ । तर यसका लागि बजेट न्यून छ । एउटा पालिकामा रु २५ लाखभन्दा बढी छैन । यस्तै प्रकारको लगानी सङ्घीय सरकार र प्रदेश सरकारबाट भयो भने गरिबी न्यूनीकरण गर्न मद्दत पुग्नेछ । एक घर एक धाराको नीति पनि छ । खानेपानी, सिँचाइलगायतका तमाम समस्या छन् । केही पालिका र केही वडामा एक घर एक धाराको काम भएको छ तर सबै ठाउँमा भएको छैन ।

नेपालले केही वर्षदेखि खुला बजार अर्थनीति अँगालेको छ । विगतमा चीन, भारतसमेतका मित्रराष्ट्रले नेपालमा उद्योग, कलकारखाना स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोग गरेका थिए । तर ती सबैजसो उद्योग अहिले बन्द छन् । यी उद्योग सञ्चालन भएको भए केही मानिसले त रोजगारी पाउँथे । केही साना उद्योग छन् तर रोजगारीका अवसर पाइँदैन । उद्योग सञ्चालनका लागि राज्यले सहयोग गर्नुको विकल्प छैन ।

राज्यले स्वदेशमा उत्पादन भएका वस्तुको प्रयोग बढाउने नीति पनि लिनुपर्छ । आम नागरिकलाई बाध्यकारी छैन भन्न सकूँला तर नेपाली सेना र प्रहरीलाई त नेपालमै उत्पादित कपडा प्रयोग गर भन्न सकिन्छ । प्रधानमन्त्री, मन्त्री, सांसदले विदेशी उत्पादन प्रयोग नगर्ने नीति बनाउन सकिन्छ । यसले स्वदेशमा उत्पादन भएको वस्तुको बजार विस्तार हुन्छ । कर्णाली क्षेत्रमा अदुवाको खेती हुन्छ । निजी क्षेत्रले युरोप पुर्याउँछ । अब नेपालमा राज्यले लगानीमैत्री वातावरण बनाएर निजी क्षेत्रलाई यसमा आकर्षित गर्नुपर्छ । लगानी गर्ने उद्योगी वा व्यवसायीलाई सुविधा दिनैपर्छ । जस्तै, दश वर्ष कर शुल्क नलिने । कर लिनेभन्दा रोजगारी दिने कुरा ठूलो हो । राज्यले त्यस्ता उद्योगीलाई रोजगारी दिने शर्त राख्नुपर्छ ।

सरकार भनेको नागरिकको अभिभावक हो । त्यसो भएको हुनाले रोजगारी सिर्जना गर्ने योजना बनाउनुपर्छ । जस्तै कृषिको कुरा गर्ने हो भने अहिले तोरी मिलमा विदेशी तोरी आएको छ । त्यसमा नेपालकै तोरी, गहुँ, चामल वा अन्य वस्तु भए के हुन्छ ? यसबाहेक पर्यटनका कुरा छन्, जडीबुटीका कुरा छन्, खानीका कुरा छन् । सस्तो लोकप्रियताका लागि बजेट कनिका छरेजस्तै छर्ने, कार्यकर्ता पाल्ने काम हुनु भएन । केही मान्छे अध्ययनका लागि पनि गएका छन् विदेश तर अधिकांश मानिस विद्यार्थी भिसामा मजदुरीका लागि गएका छन् । पढ्न गएकाहरू त्यहाँ काम गर्न बाध्य छन् ।

**सांसद महेन्द्रबहादुर शाहीको परिचय**

कालिकोट जिल्ला निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद महेन्द्रबहादुर शाही यसअघि कर्णाली प्रदेशको मुख्यमन्त्री पनि हुनुभएको थियो । नेकपा (माओवादी केन्द्र)का नेतासमेत रहनुभएका सांसद शाही २०७० सालको आमनिर्वाचनमा प्रतिनिधिसभामा तथा २०७४ सालको निर्वाचनमा कर्णाली प्रदेशसभामा निर्वाचित हुनुभएको थियो । शाही २०७० सालको निर्वाचनमा विजयी भएपछि केही समय उहाँले ऊर्जा मन्त्रालयको कार्यभार सम्हाल्नुभएको थियो ।रासस

# निर्माण छिटो सम्पन्न गर्न मन्त्री लिम्बूद्वारा निर्देशन



**टुडे समाचारदाता**

दमक । युवा तथा खेलकुदमन्त्री डिकबहादुर लिम्बूले कमल गाउँपालिका-५ पाडाजुङ्गीस्थित आदिवासी रङ्गशालाको निर्माण छिटो सम्पन्न गर्न निर्देशन दिएका छन् । सोमबार रङ्गशालाको स्थलगत अवलोकन गर्दै उनले यसलाई समयमै सम्पन्न गराउन सरकारको साथ र सहयोग रहने जानकारी समेत दिए ।

आदिवासी रङ्गशाला तथा स्मृति प्रतिष्ठानका महासचिव दिपेनवाला राईका अनुसार राष्ट्रिय खेलकुद परिषद्मार्फत रङ्गशाला निर्माणका लागि यस वर्ष रु एक करोड बजेट विनियोजन भएको छ । रङ्गशाला निर्माणका लागि प्रतिष्ठानका महासचिव राईका अध्यक्षतामा निर्माण उपभोक्ता समिति गठन गरी काम भइरहेको गठित निर्माण उपभोक्ता समितिका सचिव रविन गुरुङले बताए ।

विसं २०६९ देखि निर्माण थालिएको यो रङ्गशाला नामकरणको विवादका कारण केही समय निर्माण ओझेलमा परेको थियो ।

सरकारबाट यो अवधिमा पटकपटक गरी रु दुई करोड बढी बजेट बिनियोजन गरेर खेलमैदान सम्याउने, घेराबेरा लगाउनेजस्ता केही प्रारिम्भक चरणका काम भए पनि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर)अनुसार काम हुनसकेको थिएन ।

# कांग्रेस महासमिति बैठकबाट उपसमितिमा दश सदस्य थप

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले महासमिति बैठकको आवास समन्वय उपसमितिमा १० सदस्य थप गरेको छ । कांग्रेसले पार्टीको यही फागुन ७ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा हुने महासमिति बैठकलाई व्यवस्थित एवं प्रभावकारी बनाउन पार्टीका केन्द्रीय सदस्य मदनबहादुर अमात्यको संयोजकत्वमा रहेको आवास समन्वय उपसमितिमा सदस्य थप गरेको हो ।

नयाँ थप गरिएका सदस्यमा बागमती प्रदेशका मन्त्री रामकृष्ण चित्रकार, बागमती प्रदेशसभा सदस्य मीनकृष्ण महर्जन, कांग्रेस बागमती प्रदेशका सहमहामन्त्रीद्वय जीवन डङ्गोल र ऋषिराम घिमिरे, ललितपुर महानगरपालिकाका नगर प्रमुख चिरिबाबु महर्जन रहेका छन् । यस्तै कांग्रेस ललितपुरका उपसभापति एवं गोदावरी नगरपालिकाका नगर प्रमुख गजेन्द्र महर्जन, कोन्जेसोम गाउँपालिकाका उपाध्यक्ष गणेश केसी, बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चन र गोदावरी नगरपालिकाका उपप्रमुख मुना अधिकारी सदस्य रहेको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# अमेरिका र सहयोगीहरूलाई इजरायललाई हतियार आपूर्ति बन्द गर्न आह्वान


**एएनआई**

जेरुसेलम । युरोपेली संघका विदेश नीति प्रमुख जोसेप बोरेलले इजरायलका सहयोगीहरू, विशेष गरी संयुक्त राज्य अमेरिकालाई गाजामा "थुप्रै मानिसहरू" मारिएकाले हतियार आपूर्ति बन्द गर्न आह्वान गर्नु भएको छ ।

अल जजीराले उल्लेख गरे अनुसार इजरायलको सैन्य कारबाही बारे अमेरिकी राष्ट्रपति जो बाइडेनको गत हप्ताको भनाइलाई उद्धृत गर्दै बोरेलले सोमबार भन्नुभयो- "ठीक छ, यदि तपाईं धेरै मानिसहरू मारिएको विश्वास गर्नुहुन्छ भने, हुनसक्छ तपाईंले यसलाई रोक्नको लागि कम हतियार उपलब्ध गराउन सक्नुहुन्छ। किनकि यहाँ धेरै मानिस मारिए।"

"के ृयो तार्किक छैन?" उहाँले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसंघको राहत र कार्य निकाय का प्रमुख फिलिप लाजारिनीसँग ब्रसेल्सको पत्रकार सम्मेलनमा प्रश्न गर्दे टिप्पणी गर्नु भएको छ । अल जजीराका अनुसार बोरेलले भन्नुभयो- "यदि अन्तरराष्ट्रिय समुदायले यो हत्या हो भन्ने विश्वास गर्छ भने, हामीले हतियारको प्रावधानको बारेमा सोच्नुपर्छ।"

यसै बीच इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूका निर्देशनहरूको इयु कूटनीतिज्ञहरूले आलोचना गरिरहेका छन् । गाजा शहर रफाहमा शरण खोज्ने १० लाख प्यालेस्टाइनीहरूलाई त्यहाँ योजनाबद्ध



इजरायली सैन्य कारबाही अघि बढाइएको छ। इयु विदेश नीति प्रमुखले दक्षिणी गाजा शहर रफाहमा भएको आक्रमणप्रति गहिरो चिन्ता व्यक्त गर्नु भएको छ। फेब्रुअरी ११ को त्यहाँको आक्रमणले "एक अकल्पनीय मानवीय प्रकोप निम्त्याउने" र छिमेकी इजिप्टसँग गम्भीर तनाव निम्त्याउने उहाँको धारणा छ ।

यसै बीच ग्रीसका पूर्व अर्थमन्त्री यानिस भारोफाकिसले गाजामा भइरहेको अत्याचारको जिम्मेवारी युरोपेली देशहरू रहेको बताउनु भएको छ ।"हामी युरोपेलीहरूले समस्या सृजना गरेका छौं … हामी यसको स्थायित्वका नाममा खराब भूमिका खेलिरहेका छौं," भारोफिकोसले अल जेजलाई भन्नुभयो ।

बोरेललाई पूर्व अर्थमन्त्रीले यस घटनामा इजरायललाई पर्याप्त दबाब नदिएको र इयुले इजरायललाई सामूहिक रूपमा सशस्त्र सहयोग गरिरहेको आरोप लगाउनु भएको छ । "जर्मनी, फ्रान्स र इटालीले मानिसहरूलाई मार्न रफाहमा प्रयोग भइरहेका हतियारहरू पठाइरहेका छन्," भारोफाकिसले थप टिप्पणी गर्नु भएको छ । यसबाहेक, संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले पनि रफाहमा इजरायली भूमि हमलाको लागि दुःख व्यक्त गर्नु भएको छ । यदि नियोजित घुसपैठ रोकिएन भने भविष्यमा के हुन्छ भन्ने पूर्ण कल्पना गर्न सकिने टर्कले उल्लेख गर्नु भयो ।

उहाँले भननुभयो- "रफाहमा सम्भावित पूर्ण सैन्य घुसपैठ, जहाँ करिब १५ लाख प्यालेस्टिनीहरू इजिप्टको सिमानामा भाग्नको लागि तयार रहेको डरलाग्दो अवस्था छ । यस सम्भावनालाई ध्यानमा राख्दै, धेरै ठूलो स ८्यामा नागरिकहरू त्यसमा पनि प्रायः बालबालिका र महिलाहरू, सम्भवतः मारिने र घाइते हुने तीव्र सम्भावना छ ।" गाजा पट्टीको ठूलो भागलाई ध्वस्त पारेको इजरायली हवाई आक्रमणबाट बच्न गाजाका अधिकांश जनस८्याले रफाहमा शरण लिएका छन्।गाजाको शासक निकाय हमासले इजरायललाई चेतावनी दिएको छ- रफाहमा कुनै पनि भूमिगत आक्रमणले युद्धविराम र कैदीहरूको आदानप्रदानका लागि चलिरहेको वार्तामा बाधा पुर्याआउन सक्छ ।

प्यालेस्टिनी अधिकारीहरूले बताए अनुसार अक्टोबरदेखि इजरायली आक्रमणमा २८ हजार ३४० भन्दा बढी मानिसहरूले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेहरूमा पनि खासगरी महिला र बालबालिकाहरू बढी छन् । सहायता एजेन्सीहरूको भनाइ अनुसार गाजाको ८० प्रतिशत भन्दा बढी जनस८्या विस्थापित भएको छ । इजरायलले गत अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणको प्रतिक्रियामा कठोर सैन्य अभियान शुरु गरेको छ जसले भयानक द्वन्द्व र मानवीय क्षति निम्त्याएको छ।

# एसिसी महिला प्रिमियर लिगमा नेपालको कीर्तिमानी जित

**टुडे समाचारदाता**

काठमाण्डु । एसिसी महिला प्रिमियरलिगक्रिकेटप्रतियोगितामा नेपाललेमाल्दिभ्समाथिकीर्तिमानी जित हासिल गरेको छ। नेपालले माल्दिभ्सलाई दुई सय १४ रनको फराकिलो अन्तरले पराजित गरेको हो । यसमा नेपाली टोलीकी प्रमुख ब्याटर रुबिना क्षेत्रीको कीर्तिमानी शतक सामेल थियो । उनले अविजित एक सय १८ रन बनाइन् ।




मलेसियाको क्वालालम्पुरमा आज टस जितेर नेपालले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा चार विकेट गुमाएर दुई सय २७ रन बनायो । दुई सय २८ रनको विजयी लक्ष्य पछ्याउने क्रममा माल्दिभ्सको पारी १३ दशमव पाँच ओभरमा मात्र १३ रनमा समेटियो । नेपालका लागि रुबिनाले ५४ बलमा शतक प्रहार गरिन् । उनी नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा शतक प्रहार गर्ने पहिलो महिला खेलाडी बनेकी छिन ।

यसअघि नेपालबाट अन्तर ीष्ट्रिय महिला क्रिकेटमा सीता रानामगरले सर्वाधिक ८२ रन बनाइएकी थिइन् । आजको खेलमा रुबिनाले ५९ बलमा १० चौका र पाँच छक्का हानिन् । त्यसैगरी नेपालका लागि पूजा महतोले ५९ रनको योगदान दिइन् । उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गरिन् । यस्तै सीता रानामगरले १५ तथा कविता कुवँले १३ रन बनाइन् । बलिङतर्फ माल्दिभ्सकी शम्मा अलीले तीन तथा नब्बा नासिमले एक विकेट लिइन् ।

माल्दिभ्सलाई मात्र १३ रनमै समेट्ने क्रममा नेपालकी अस्मिना कर्माचार्यले सर्वाधिक चार विकेट लिइन् । यस्तै पूजा महतो र रुबिना श्रेत्रीले तीन तीन विकेट लिइन् । माल्दिभ्सका कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । सुमाया विन्थ अब्दुल हमिदले पाँच तथा नब्बा नासिम र हफसा अब्दुल्लाले दुई दुई रन बनाए ।

लगातार तीन खेल जित्दै प्रतियोगिताको समूह 'डी' मा रहेको नेपाल क्वाटरफाइनमा प्रवेश गरेको छ। नेपालले पहिलो खेलमा हङकङ र दोस्रो खेलमा भुटानलाई आठ आठ विकेटले पराजित गरेको थियो । लगातार तेस्रो खेलमा हार बेहोरेको माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएको छ । माल्दिभ्स पहिलो खेलमा भुटान र दोस्रो खेलमा हङकङसँग पराजित भएको थियो ।

# अयोध्या राम मन्दिरमा भक्तजनको बाक्लो आगमन जारी

**एएनआइ**

अयोध्या । मङ्गलबार भगवान रामको दर्शन गर्न अयोध्याको राम मन्दिरमा ठूलो संख्यामा भक्तजनको भीड लागेको छ ।

अहमदाबाद निवासी कीर्ति आचार्य नामका भक्तले एउटा अदभूत सनातन र अनन्त मूल्यमान्यताको विजयको प्रतिकका रूपमा पाँच सय वर्षपछि भव्य मन्दिर निर्माण भएको बताउदै आँखाबाट आँसु झार्नुभयो । मन्दिर निर्माण पछि भगवान राम नै यहाँ आएको विश्वास व्यक्त गर्दै आचार्यले अव यहाँका स्थानीयलाई अपार आनन्द मिल्ने बताउनुभयो । यसै सन्दर्भमा अर्का जना भक्तले अयोध्या आएर आफ्नो यात्रा पूरा भएको छ बताउनुभयो । भगवान श्रीरामको आगमनको प्रतिक्षामा अयोध्याको भौगोलिक क्षेत्रलाई सुन्दररुपले तरिकाले सजाइएको छ । मन्दिरको जटिल काम पनि असाधारणरूपमा सुन्दर छ । भारत बाहिरबाट आएका मानिसका लागि कुनै कठिनाई नभई सबै कुराको व्यवस्थापन छ ।



विद्यार्थीसँगै आएका लखनऊका एकजना शिक्षकले आफूहरु एउटा प्रतियोगिताका लागि अयोध्या आएको बताउँदै यहाँ आइपुगेपछि आफूले राम मन्दिर पनि भ्रमण गरेको बताउनुभयो । मन्दिर देखेर अद्भुत महसुस गरेको बताउनुभयो। ठुलो सङ्घर्षपछि मन्दिर निर्माण सम्भव भएपछि मन्दिर परिसरमा आउँदा खुशी र सफलता हासिल गरेको अनुभव भएको उहाँको भनाइ छ । मन्दिर निर्माण सँगसँगै अयोध्यामा पनि उल्लेखनीय विकास स्वरुप सडक निर्माण गरिएको ती शिक्षकको भनाइ छ ।

परिणाम स्वरुप पर्यटकीय वातावरण पनि वृद्धि भएकाले चारैतिरबाट पर्यटकहरू निरन्तर आइरहेको उहाँले बताउनुभयो । यसअघि अमिताभ बच्चनले शुक्रबार मन्दिरको भव्य उद्घाटनमा छोरा अभिषेक बच्चनसहित राम लल्लाको पूजा गर्नुभएको थियो । बुधबार सुरिनामको प्रतिनिधिमण्डलले अयोध्याको भ्रमण गरेको थियो । सुरिनामको राष्ट्रियसभाका अध्यक्ष मारिनस बीको नेतृत्वमा प्रतिनिधिमण्डल बुधबार अयोध्या पुगि आध्यात्मिक र सांस्कृतिक गतिविधिसहित राम लल्लाको मूर्तिको पूजा गरेको थियो ।

मुख्यमन्त्री पेमा खान्डुको नेतृत्वमा अरुणाचल प्रदेशको मन्त्रिपरिषद्‌ले अयोध्यामा राम मन्दिरको भ्रमण गरेको थियो । उत्तर प्रदेशका मुख्यमन्त्रीको कार्यालयअनुसार भगवान राम लल्लाको प्राण प्रतिष्ठापछि राम लल्लाको दर्शन र पूजा गर्ने अरुणाचल प्रदेशबाट आएका तिनीहरू पहिलो राजनीतिक प्रतिनिधिमण्डल थिए ।जनवरी २२ मा मन्दिरमा श्री राम लल्लाको 'प्राण प्रतिष्ठा' सम्पन्न भएको थियो । जसमा प्रधानमन्त्री नरेन्द्र मोदीले पुजारीको नेतृत्वमा अनुष्ठान गर्नुभएको थियो ।

# अफ्रिकी विशेषज्ञहरू खाद्य मापदण्डबारे छलफलमा

**सिन्ह्वा**

किगाली । अफ्रिकी खाद्य मापदण्डको सामञ्जस्य गर्दै महाद्वीपमा स्वतन्त्र व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले रुवान्डाको राजधानी किगालीमा सोमबार आयोजित बैठकमा सहभागी विज्ञहरूले खाद्य सुरक्षाका लागि मापदण्डको सन्तुलनमा जोड दिनु भएको छ ।

अफ्रिकाको अन्तरसरकारी मापदण्ड निकाय, मानकीकरणका लागि अफ्रिकी सङ्गठनद्वारा आयोजित बैठक अफ्रिकी महादेशीय स्वतन्त्र व्यापार र विशेषज्ञहरूको सहयोगप्रति खुसी छौं। यो एउटा राम्रो कदम हो जुन हामीले एक मानक, एक परीक्षण, सबै ठाउँमा एक प्रमाणपत्र-स्वीकार गर्ने महादेशको रूपमा विकास गरेका छौं," उहाँले भन्नुभयो ।

रुवाण्डाको वाणिज्य तथा उद्योग मन्त्रालयका स्थायी सचिव रिचर्ड निवेनशुटीले मापदण्ड र अन्य आवश्यकताहरू मिलाउन एकसाथ प्रयासमा संलग्न अफ्रिकी देशहरूको प्रशंसा गर्नु भएको छ । उहाँले नमिलेका मापदण्ड मिलाउन जरुरी रहेको



सम्झौताको कार्यान्वयनको ढाँचामा केन्द्रित छारुवान्डा मानक बोर्डका महानिर्देशक रेमन्ड मुरेन्जीले उद्घाटनका क्रममा सबै देशहरू खाद्य सुरक्षा सुनिश्चित गर्न प्रतिबद्ध भएकाले अन्तर-अफ्रिका व्यापारलाई सहज बनाउन आवश्यक मापदण्ड निर्माणमा जोड दिनु भएको छ ।

आवश्यक मापदण्ड मानकीकरणका लागि अफ्रिकी सङ्गठनका महासचिव हर्मोजेन सेन्गिमानाले सदस्य र साझेदारहरूसँगको सहकार्यमा अन्तरसरकारी मानक निकाय सक्षम भएको दाबी गर्नु भएको छ ।"हामी अफ्रिकी मापदण्डहरू विकास गर्न र मिलाउन सराहनीय काम गर्न जारी राख्ने देशहरू बताउन भएको छ । फेब्रुअरी १६ सम्म चल्ने एक हप्ता लामो बैठकले २०० वटा मापदण्डहरू मिलाउने प्रयास गरेको छ ।

मानकीकरणका लागि अफ्रिकी सङ्गठनलाई अन्तर-अफ्रिका व्यापारलाई सहजीकरण गर्ने उद्देश्यले मेलमिलापका लागि मापदण्ड र सो अनुरूप मूल्याङ्कन प्रक्रियाहरू समन्वय गर्न जिम्मेवार बनाइदै छ ।

उक्त निकायले मत्स्य उत्पादन, दुग्ध उत्पादन, बागवानी, कफी, कोकोआ र चिया, जीवित जनावर, पशुखाना, कृषि तथा जैविक प्रविधिलगायत आठ प्राथमिकताका क्षेत्रहरूमा मापदण्ड मिलाउने कार्यलाई प्राथमिकतामा राखेको छ ।

# किशोर विवेक सागरद्वारा 'हाइजम्प' प्रतियोगितामा उत्कृष्ट प्रदर्शनी




**टुडे समाचारदाता**

झोता । बझाङमा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता जारी रहँदा किशोर विवेक सागर निकै चर्चामा रहे । 'हाइजम्प' प्रतियोगितामा उत्कृष्ट प्रदर्शनी गरेपछि उनी चर्चाको शिखरमा पुगेका हुन् ।

खप्तडछान्ना गाउँपालिका स्थित खप्तड माविमा अध्ययनरत सागरले झोतामा सम्पन्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको हाइजम्प तर्फ स्वर्ण पदक जितेका हुन् । पाँच दशमलव छ फिट उचाइ जम्प गर्दै उनले स्वर्णपदक हात पारेका हुन् । अहिले उनलाई ' उड्ने चरो' भनेर सामाजिक सञ्जालमा धेरैले प्रशंसा गरिरहेका छन् । एक फेसबुक प्रयोगकर्ताले लेखेका छन्, "ओएमजी ! खप्तड (खप्तडछान्ना गाउँपालिका)को उड्ने चरो रहेछ त । प्वाख फिटिङ गरेको छ कि क्या हो ।" त्यस्तै विकास जप्रेल नाम गरेका अर्का व्यक्तिले लेखेका छन्, "यो भाइ त चरो हो । चरोको जस्तै उड्छ । म त यिनको फ्यान भइसकेँ", यसरी सागरले सामाजिक सञ्चालमा चर्चा कमाई रहेका छन् ।

सागर खप्तड माविमा कक्षा ९मा पढ्छन् । स्थायी ठेगाना बाजुरा भए पनि खप्तड माविमा अध्ययन गरिरहनुभएका उनी विशेषगरी एथलेटिक्स र सङ्गीतमा रूचि राख्छन् । उनी भन्छन्, "मेरो रूचिको खेल एथलेटिक्सभित्र उफ्रने, फ्याँक्ने, दगुर्ने नै हो । सङ्गीत तथा डान्सिङ पनि उत्तिकै मन पराउँछु ।"उनका अनुसार खप्तड माविमा भर्ना हुनुअघि पनि उनी एथलेटिक्सका विभिन्न विधामा अभ्यास गर्थ्यो । "यस्तो अवसर आउला भन्ने सोचेको थिइनँ । मौका मिल्यो, मेरो अभ्यासले पनि काम गर्‍यो ।" सागरले भने ।

### को हुन् सागर ?

चौध वर्षअघि बाजुराको खप्तडछेडेदह गाउँपालिका-६ मा जन्मिएका सागर पाँच वर्ष नपुग्दै बुवा बुदेसँग भारतको नयाँ दिल्ली गए । पछि आमासहित दाइ दिदीहरू गएपछि उनीहरूको बाल्यकालको समय भारतमै बित्यो । किशोरावस्थादेखि नै भारतमा चौकीदारी गर्दै आएका बुदे बेला-बेलामा सबै सन्तानलाई भारतमा घुमाउथ्यो । सागर जन्मपछि भने उनीहरूको बसाइ भारतमै भयो । घरमा बसेर पाँच सन्तानलाई पाल्न, पढाउन निकै समस्या भएपछि सागर परिवारले केही काम गर्ने र सन्तानलाई पढाउने सोचपछि उनीहरू दिल्लीमा बस्न थाले ।

सागरकी जेठो दिदी विपनाका अनुसार सङ्गीतमा रूचि भएका भाइहरूको पढाइ बिग्रिन थालेपछि सबै भाइबहिनीलाई लिएर बुवाआमा भारत गएका थिए । भारतमा पनि उनीहरूलाई पढाइ गर्न त्यति सजिलो थिएन । "भारतमा पनि बुवाआमाले कमाएको पैसाले खान र पढाउन मुस्किल भयो । त्यसै बीचमा जेठो र माइलो भाइले पढाइ छोडे", विपनाले भने ।

"मैले दुःखसुखले पढेपछि बझाङको खप्तडछान्नामा बिहे गरेँ", उनले भने, "त्यसपछि खप्तडछान्ना स्वास्थ्यचौकीको प्रयोगशाला फाँटमा जागिर पाइयो। बुवाआमालाई सजिलोका लागि कान्छो भाइ विवेकलाई समेत ल्याए र खप्तड माविमा भर्ना गराए ।"विवेक विद्यालयमा पनि अहिलेसम्म मध्यम क्षमता भएको विद्यार्थीमा गनिन्छन् । उनले भने "भाइलाई बझाङ ल्याएपछि उसले निकै फुर्सद मानेर खेलकुद, सङ्गीत तथा पढाइलाई सँगसँगै लिइरहेको छ ।" पछि नतिजा राम्रै आउनेछ भन्ने विश्वास लिएको उनले बताए ।

# जेलमा रहेका पूर्व थाई प्रधानमन्त्री थाक्सिन रिहा हुने

**सिन्ह्वा**

बैङ्कक । थाइल्यान्डका पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्रालाई चाँडै रिहा गर्ने तयारी गरिएको न्याय मन्त्री तावी



सोड्सोङले मङ्गलबार बताउनु भएको छ ।

मन्त्रीमण्डलको बैठकमा भाग लिनुअघि तावीले पत्रकार हरूसंग थाक्सिन यस महिना जेल बाट छुटकरा पाउनका लागि स्वीकृत नौ सय ३० कैदीहरू मध्ये एक जना भएको बताउनु भएको छ । ७४ बर्षीय थाक्सिन ७० वर्षभन्दा माथिको तथा गम्भीर रोगको बिरामी भएका कारण जेल मृत्तीको लागि सुचि बद्ध भएका उहाँको भनाई छ । करिव छ महिना जेल सजाय भोगसकेका थाक्सिन फेब्रवरी १७ मा रिहा हुने अपेक्षा गरिएको छ ।

ताहसिनल १५ वर्षभन्दा बढीको निर्वासन समाप्त गरेर गत वर्ष अगस्टमा थाइल्यान्ड फर्कीनु भएको थियो । उहाँलाई हिरासतमा लगेर विभिन्न अभियोगमा आठ वर्षको जेल सजाय सुनाइएको थियो । यद्यपि, अस्स्थताका कारण उहाँलाई छोटो समयमै बैङ्कको जेलबाट अस्पतालमा सारे देखि अस्पतालमा नै रहेको बताईएको छ । गत सेप्टेम्बरमा, थाई राजा महा भाजिरालोङ्र्नले शाही माफीको लागि अनुरोध गरेपछि थाक्सिनको जेल सजाय एक वर्षमा घटेको थियो । थाक्सिनले सन् २००१ देखि २००६ सम्म दक्षिणपूर्वी एसियाली देशको प्रधानमन्त्रीको रूपमा सेवा गरी सन् २००८ स्व-निर्वासनमा रहनु भएको थियो ।

# चिनद्वारा इजराइललाई रफाहमा छिटो सैन्य कारबाही रोक्न आग्रह

**एएफपी**

बेइजिङ । चीनले मङ्गबार इजरायललाई गाजाको रफाह सहरमा सैन्य कारबाही सकेसम्म चाँडो रोक्न आग्रह गरेको छ । यसै सन्दर्भमा यदि लडाइँ निरन्तर चलिरहेमा गम्भिर मानवीय प्रकोप हुने चेतावनी दिएको छ ।

चिनले रफाह क्षेत्रको घटनाक्रमलाई नजिकबाट हेरिरहेको उल्लेख गर्दै नागरिकलाई हानि पुर्याउने, अन्तरराष्ट्रिय कानुन उल्लङ्गनकार्यको विरोध तथा निन्दा गरेको विदेश मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ । बेइजिङले इजरायललाई छिटै सैन्य कारबाही रोकी रफाह क्षेत्रमा गम्भीर मानवीय प्रकोप रोक्न निर्दोष नागरिकको जीवन रक्षा गर्न आवाश्यक प्रयास गर्न आग्रह गरेको छ ।

इजरायलले हमाससँग युद्धविराम गर्न बढ्दो अन्तरराष्ट्रिय दबाबको सामना गरिरहेको छ । यसैबीच दक्षिणी गाजा सीमावर्ती शहर रफाहमा आक्रमणको तयारी गरिरहेको छ जहाँ दस लाखभन्दा बढी विस्थापित प्यालेस्टिनी फसेका छन् ।गत हप्ता युद्धविरामका लागि हमासका सर्त अस्वीकार गरेपछि इजरायलले सोमबार राफाहमा बिहान छापा मारेको थियो । जसले दुई जना बन्धकलाई मुक्त गर्यो भने करिब सय जनाको ज्यान लियो ।प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले रातको अपरेशनलाई प्रशंसा गर्दै प्यालेस्टिनी विदेश मन्त्रालयले दर्जनौं नागरिकहरूको नरसंहार बारम्बबार भएको बताएको छ ।

हवाई आक्रमण अन्तर्गत दुर्लभ उद्धार अभियान नेतान्याहूले अमेरिकी राष्ट्रपति जो बाइडेनसँग कुरा गरेको केही घण्टापछि आएको थियो, जसले राफाहमा भएको ठूलो आक्रमणको विरोध गरेका छन् ।संयुक्त राष्ट्रसङ्घले पनि इजरायललाई नागरिकको रक्षा गर्ने योजना बिना राफाहमा भूमि आक्रमण नगर्न चेतावनी दिएको छ ।

# खाद्यान्नबालीमा आत्मनिर्भर बनाउन सरकार लागिपर्छ : कृषिमन्त्री

**टुडे समाचारदाता**

मकवानपुर । सङ्घीय कृषि तथा पशुपक्षी विकासमन्त्री डा वेदुराम भुसालले मुलुकमा खाद्यान्नबालीतर्फ धान, मकै, गहुँलाई दिगोरुपमा आत्मनिर्भर बनाउने उद्देश्यले सरकारले गुरुयोजनासहित किसानको घरदैलोमा पुग्ने र उत्पादनलाई आधुनिक प्रविधिमा जोड्ने मूल लक्ष्य लिएको बताएका छन् ।

हेटौँडाको ५५औँ नगर स्थापना दिवसको उपलक्ष्यमा हेटौँडा उपमहानगरपालिकाद्वारा मंगलबार आयोजित समारोहलाई सम्बोधन गर्दै कृषि उत्पादन, पशुपालन र माछाको उत्पादन वृद्धि गर्न सरकारले अब स्थानीय निकायलाई बहुवर्षीय योजना अन्तर्गत स्रोतसाधनसहित जनशक्ति उपलब्ध गराउनेतर्फ गृहकार्य भइरहेको जानकारी गराए ।

मुलुकमा खाद्यान्नको अभाव हुने अवस्थाको अन्त्यका लागि सङ्घीय सरकारले तत्कालै रु ५५ अर्बको खाद्यान्न बाह्य मुलुकबाट आयात गरिने लक्ष्यका साथ स्रोतसाधन परिचालन गरेको उनले बताए । मन्त्री भुसालले प्रदेशका स्थानीय तहले पनि आ-आफ्नो निकायमार्फत् स्थानीयस्तरमा खाद्यान्नबाली, मौसमी तरकारी, दूध उत्पादन र माछाको उत्पादनका लागि वार्षिक कार्यक्रम तर्जुमा गरिँदा थप स्रोतसाधन परिचालन गर्नेतर्फ जिम्मेवारीबोध गर्न आह्वान गरे ।

हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीना लामाले उपमहानगरपालिकाले वडा नं १ देखि १९ सम्म भूगोल अनुसारको कृषि उत्पादन, पशुपालन र माछापालनका लागि कृषि पकेट कार्यक्रम तर्जुमा गरिएको र स्थानीय किसानलाई उन्नत प्रविधिबाट खेती गर्ने प्रावधानलाई अघि बढाउन आवश्यक जनशक्ति परिचालन गरिने बताए । मकवानपुरलाई खाद्यान्नतर्फ आत्मनिर्भर बनाउने लक्ष्यका साथ उपमहानगरपालिकाले काम गरेको उनको भनाइ थियो ।

सो अवसरमा मकवानपुरका प्रमुख जिल्ला अधिकार सूर्यप्रसाद सेढाईं, हेटौँडा उप-महानगरपालिकाका उपप्रमुख राजीव बानियाँ, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुरका उपसचिव सीता विष्टले जिल्लाका स्थानीय तहले जनताको पूर्वाधार विकासका साथै कृषि उत्पादन, पशुपालनका लागि घाँसखेती र सिँचाइको थप योजनालाई कार्यान्वयन गर्न आग्रह गरे ।

# कोरिया-नेपाल मोडेल डेरी भिलेज उद्घाटन

**टुडे समाचारदाता**

सिन्धुली । सिन्धुलीको कमलामाई नगरपालिका-५ मा कोरिया-नेपाल मोडेल डेरी भिलेजको उद्घाटन गरिएको छ । नेपालस्थित गणतन्त्र कोरियाका राजदूत पार्क तेइ योङ, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा रेवतीरमण पौडेल र कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्रकुमार पोखरेलले संयुक्तरुपमा उक्त भिलेजको मंगलबार उद्घाटन गरे ।

भिलेज उद्घाटनको अवसरमा किसानलाई नेपालमा पहिलोपटक जन्मिएको होलिस्टाइन जातको बाच्छी हस्तान्तरण गरिएको छ। गतवर्ष पुसमा हेफर इन्टरनेशनल नेपालको सहयोगमा यहाँका ५० परिवारलाई होलिस्टाइन जातका गाई वितरण गरिएको थियो । सोहीमध्ये गुणकुमारी घिमिरेले पालेको होलिस्टाइन जातको गाईले जन्म दिएको 'गाम्सा' नामक बाच्छी कोरियाली राजदूत योङ, मन्त्रालयका सचिव पौडेललगायतको उपस्थितिमा किसान उमा सुवेदीलाई हस्तान्तरण गरिएको हो । सो अभियानअन्तर्गत होलिस्टाइन जातका गाई प्राप्त गर्ने किसानले पहिलो बेतको बाच्छी उपहारस्वरुप अन्य किसानलाई दिनुपर्ने नियम छ ।




कोरियाली राजदूत योङले होलिस्टाइन जातको बाच्छी हस्तान्तरण र मोडेल डेरी भिलेज उद्घाटनका अवसरमा सहभागी हुन पाउँदा खुसी लागेको भन्दै सफलताको कामना गरे । "नेपाल र गणतन्त्र दक्षिण कोरियाबीचको कूटनीतिक सम्बन्धको ५०औँ वार्षिकोत्सवका अवसरमा बाच्छी हस्तान्तरण र मोडेल डेरी भिलेजको शुभारम्भ ऐतिहासिक र दुई देशबीचको सुमधुर सम्बन्धको सङ्केत हो", उनले भने, "मोडेल डेरी भिलेजले आगामी दिनमा दुई देशबीचको सम्बन्धलाई अझ बलियो बनाउन सहयोगी भूमिका खेल्ने विश्वास छ ।"

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा पौडेलले मोडेल डेरी भिलेज एक वर्षको मेहनतको फल भएको उल्लेख गर्दै आगामी दिनमा सामूहिक सहकार्यमा जोड दिएर अघि बढ्न सुझाव दिए । होलिस्टाइन गाईबाट उत्पादन हुने दूधको बजारीकरण लगायतका लागि मन्त्रालय सहयोग गर्न तयार रहेको उनको भनाइ थियो । "कमलामाई नगरपालिकाका-४ र ५ मा जस्तै होलिस्टाइन जातका गाई अन्य स्थानमा पनि विस्तार गर्नुपर्छ । यसका लागि मन्त्रालय सहयोग गर्न तयार छ", सचिव डा पौडेलले भने, "दूधको बिक्री र दुग्घजन्य वस्तुको उत्पादन गर्नेगरी आवश्यक तयारी सुरु गर्नुपर्छ ।"

कमलामाई नगरपालिकाका प्रमुख पोखरेलले होलिस्टाइन जातको गाईपालन विस्तार गर्दै लैजाने र उत्पादित दूधलाई बजारीकरणका लागि नगरपालिकाले सहजीकरण गर्ने बताए । "कोरिया सरकार, हेफर इन्टरनेशनललगायत सङ्घसंस्था र स्थानीय किसानको प्रयासबाट मोडेल डेरी भिलेजको अवधारणाले मूर्तरुप लिएको हो", उनले भने, "होलिस्टाइनजस्ता उन्नत जातका गाईपालनबाट यहाँका किसानको जीवनस्तर उकास्ने अपेक्षा गरिएको छ ।"

कमलामाई-४ र ५ मा हेफर इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा सिन्धुली एकीकृत विकास सेवा नेपाल र लाभान्वित समुदायको सहकार्यमा दुग्ध क्षेत्र रुपान्तरण परियोजना सञ्चालन गरिएको हो । नेपाल सरकार र हेफरको माग तथा सक्रियता, कोरिया सरकार तथा हेफर कोरियाबाट नेपालको दुग्ध क्षेत्र रुपान्तरण गर्ने उक्त परियोजना गत आर्थिक वर्ष २०७९/८० देखि सुरु भएको हो ।

दुग्ध क्षेत्र रुपान्तरणका लागि कोरियाले नेपाल सरकारलाई प्रतिबेत १० हजार लिटरसम्म दूध उत्पादन क्षमता भएका गाईबाट जन्मेका एक सय शुद्ध होलिस्टाइन कोरली बाच्छी र आठ उच्च प्रजननमान भएका होलिस्टिन बहर उपलब्ध गराएको थियो । सोमध्ये कमलामाई नगरपालिकाका ५० किसानलाई ८० गाई वितरण गरिएका थिए ।

हाल ५० परिवारमा ती गाई वितरण गरिए पनि आगामी पाँच वर्षमा पाँच सय किसानलाई ती कोरली गाई वितरण गरिने छन् । कोरिया सरकारले गत वर्ष पुसमा एक सय बाच्छी र आठ बाच्छा उपलब्ध गराएको थियो । कृषि मन्त्रालयले बाच्छालाई चितवन, लहान, पोखरालगायत बिर्य उत्पादन केन्द्रमा पठाएको थियो भने ८० गाई किसानलाई वितरण गर्न सिन्धुली पठाएको थियो ।

# आरन पेसा आर्थिकरुपमा सहज

**टुडे समाचारदाता**

त्रिवेणी । रुकुमपश्चिमको मुसिकोट नगरपालिका-११ खर्चिवाङका शशिराम विश्वकर्मा उमेरले ४९ वर्ष पुगे । उनको दैनिकी प्रायः फलामसँगै खेलेर बित्ने गरेको छ । बिहान उठेदेखि साँझसम्म आरनमै काम गर्दा समय बितेको पत्तै हुँदैन । जब याम सुरु हुन्छ, त्यतिबेला झन कामको चाप हुने गरेको विश्वकर्मा सुनाउछन् ।

"याम सुरु हुने भनेको गहुँ, जौ काट्ने बेला र मकै काट्ने समयमा आरनमा कामको निकै चाप पर्छ, त्यो समयमा एक्लै काम नभ्याइने भएकाले ज्याला दिएर काम गर्ने मान्छे राख्ने गरेको छु । अन्य समयमा भने मैले एक्लै काम गर्ने गरेको छु । त्यति चाप पर्दैन", विश्वकर्माले भने । विगत २५ वर्षदेखि निरन्तर आरन पेसामा आबद्ध रहेका उनले बताए । "२२ वर्षको उमेर हुँदा आरन पेसा सुरु गरेको हुँ, अहिले २५ वर्ष भयो निरन्तर यही पेसामा लागिरहेको छु । यो पेसा छोडेर देश बाहिर जान सकेन जति बाँच्छु यही पेसामै दुख गर्छु", विश्वकर्माले भने । हाल आरनमा फलामबाट निर्माण हुने कुटो, कोदालो, हँसिया, खकुरीलगायत सामग्री निर्माण गर्ने गरेको उनले सुनाए । "फलामबाट निर्माण गरिएका सामग्री हेरेर फरकफरक मूल्यमा बिक्री गर्ने गरेको छु, सामग्री बनाउने व्यक्तिले आफैँ फलाम लिनुभयो भने पनि सामग्री हेरेर फरकफरक ज्याला लिने गरेको छु । गाउँका करिब ४० घरपरिवारभन्दा बढी मेरो आरनमा कुटो, कोदोलो, हँसिया, खुकुरी, बञ्चरोलगायतका सामग्री निर्माण गर्न आउछन् ।"



**सामग्री बनाएको पारिश्रमिक कति**

शशिरामले फलामबाट निर्माण गरेका सामग्रीको फरकफरक ज्याला लिनुहुन्छ । त्यस्तै फलामबाट निर्माण गरिएका सामग्रीको रेत लगाउने (धारिलो बनाउने) गरेको पनि सामान हेरेर हँसियाको रु ७० देखि एक सय ५० सम्म र खुकुरीको रु दुई सय ५०, ठूलो बञ्चरोको सातसयसम्म ज्याला (पारिश्रमिक) लिने गर्छन् ।"सामग्री बनाउने व्यक्तिले आफैँ फलाम लिएर एउटा हँसिया बनाउनुभयो भने रु तीन सयदेखि चार सयसम्म लिने गरेको छु, फलाम मेरो प्रयोग भयो भने त्यसमा एक सयदेखि दुई सयसम्मा बढी रुपैयाँ पर्छ", विश्वर्कमाले भने ।

**घरघरै साम्रमी लिएर बिक्री**

केही व्यक्ति हँसिया, कुटो, कोदालो, खुकुरी, बञ्चरोलगायत सामग्री लिन आरनमै आए पनि धेरै सामग्री बिक्री गर्नको लीग गाउँगाउँमै जाने गरेको विश्वकर्माले बताए । "सामग्री निर्माण गरिसकेपछि आरनमा धेरै भयो भने गाउँगाउँ जाने गरेको छु, बजारमा सस्तो मूल्यमा राख्न खोज्छन्, त्यसैले पनि गहुँ, मकै काट्ने यामको समयमा घरघरै सामग्री पुऱ्याएर बिक्री गर्ने गरेको छु", उनले भने । खर्चिवाङ, बेतखोला, गैरिनेटा, बादरपानी, भलाक्चासहित रोल्पा जिल्लाको परिर्वतन गाउँपालिकासम्म सामग्री बोकेर बिक्री गर्ने गरेको उनले सुनाए ।

**पहिले अन्न (खलो) मा अहिले ज्यालामा**

विसं २०५५ देखि आरन पेसा सुरु गरेका विश्वकर्माले एक दशकभन्दा बढी समय अन्न (खलो)मा काम गरेको सुनाए । "काम सुरु गरेको लामो सयमसम्म खलोमा काग गरैं, उतिबेला खलोको चलन थियो, ज्याला भने कमै हुन्थ्यो, बाली उत्पादन हुने समय अर्थात् छ महिनाको अवधिमा जति सामग्री बनाए पनि ज्यालावापत सात, आठ पाथी अन्न ल्याउँथे, खलोमा दुःख बढी पैसा कम हुने भएकाले खलोमा काम गर्न छोडेँ, अहिले सबैले सामान बनाउनुपऱ्यो भने ज्याला तिरेरै बनाउछन् । यसबाट हामीलाई आर्थिकरुपमा पनि सहज भएको छ । दुःखअनुसारको कमाइ हुँदा सन्तुष्ट छौँ ।"

**पेसाबाटै घर खर्चदेखि घर निर्माणसम्म**

आरन पेसाबाटै आफ्नो परिवारको खर्च जोहो गर्ने गरेको विश्वकर्माले बताउनुभायो । उनले घर खर्चमात्रै जोहो गरेको छैन, एक छोरा, तीन छोरीलाई पढाउनेदेखि आफू बस्ने घरसमेत यही पेसाबाटै निर्माण गरेको बताए । "म अहिलेसम्म देश बाहिर कमाइको लागि गएको छैन, जति कमाइ गरैं, यही आरन पेसाबाटै हो । छोराछोरीलाई पढाउन लेखाउनसमेत आरन पेसा मेरो लागि आर्थिक स्रोतको सारथी बनेको छ । परिवार घरकै काममा व्यस्त हुने भएकाले एक्लै आरन पेसा चलाएको छु । छोराले सामग्री निर्माणको गर्न सबै सीप सिके पनि यो यो पेसामा आबद्ध छैन । अरु नै काम गर्ने गरेको छु", उनले भने ।

**आम्दानी कति**

आरन पेसाबाट आम्दानी पनि राम्रै हुने गरेको विश्वकर्मा बताउछन् । यो पेसा छोडेर अन्यमा जानुपरेको छैन । दुःखअनुसारको कमाइ राम्रै छ । मासिक रु १५ देखि १८ हजार आम्दानी हुन्छ । वार्षिक डेढ लाखभन्दा बढी कमाइ हुने गरेको उनले सुनाए । पेसा सञ्चालन गरेदेखि कुनै अनुदान नपाएको गुनासो विश्वकर्माले गरे । अनुदान पाएमा व्यावसायिकरुपमा आरन सञ्चालन गर्ने उनको योजना छ । आरनमा फलाम काट्ने यन्त्र, खोल्ने यन्त्र, पंखालगायत सामग्री आवश्यक रहेको उनले बताए ।

**आरन पेसालाई व्यवस्थित गर्न वडाबाट छैन कुनै कार्यक्रम**

आरन पेसा सञ्चालन गरिरहका व्यक्तिलाई वडा कार्यालयले कुनै अनुदानको कार्यक्रम नरहेको जनाएको छ । वडामा आठ घरधुरीले आरन पेसा जोगाई राखे पनि यो व्यवसायलाई थप व्यवस्थित बनाउन वडाबाट कुनै कार्यक्रम नगरेको वडा अध्यक्ष गोविन्द बुढाले जानकारी दिए । "आफ्नो तरिकाले आरन पेसा चलाइराखेका छन् । त्यसलाई थप व्यवस्थित बनाउन यो आर्थिक वर्षमा कुनै बजेट छैन । आउँदो वर्ष आरन पेसालाई थप व्यवस्थित बनाउन वडाको तर्फकाट पहल गर्ने छौँ", उनले भने ।

# हेटौँडा सवस्टेसनको निर्माण अन्तिम चरणमा

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण एवं आधुनिकीकरणका लागि महत्वपूर्ण मानिएको मकवानपुरमा निर्माणाधीन चार सय केभी क्षमताको सवस्टेशनको काम अन्तिम चरणमा पुगेको छ ।



मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११थानाभञ्याङमासो सवस्टेशन निर्माणाधीन छ । हेटौँडा सवस्टेसनमा ४००/२२० केभी, २२०/१३२ केभी र १३२/११ केभी सवस्टेसन निर्माणाधीन छन् ।

एक महिनाभित्र निर्माण सम्पन्न गरी सञ्चालन (चार्ज) गर्ने लक्ष्यका साथ सवस्टेसनका उपकरणको जडान, परीक्षणलगायत अन्तिम चरणका काम भइरहेका छन् । सवस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाहका अतिरिक्त स्थानीयरुपमा आपूर्ति गरिनेछ । यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुनेछ ।निर्माण अनुगमनमा पुगेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पछिल्लो समयमा सवस्टेसनको काम सन्तोषजनक देखिएको बताए । कार्यकारी निर्देशक घिसिङले निर्माणमा संलग्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरेका थिए । घिसिङले एक महिनाभित्रमा सवस्टेसन सञ्चालनमा ल्याउने गरी बाँकी काम सम्पन्न गर्न निर्देशन दिए ।

सरकार र विद्युत् प्राधिकरणको लगानीमा हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी सवस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माणाधीन ४००/२२० केभी हेटौँडा सवस्टेसनमा तीन सय १५ एमभिए क्षमताका तीन थान पावर ट्रान्सफर्मर छन् । त्यसको क्षमता नौ सय ४५ एमभिए छ ।धनुषाको ढल्केबरबाट र अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट प्राप्त हुने अनुदानबाट नुवाकोटको रातमाटेबाट निर्माण हुने चार सय केभीको डबल सर्किट प्रसारण लाइन हेटौँडा सवस्टेसनमा ल्याएर जोडिनेछ । यसका लागि हेटौँडा सवस्टेसनमा आवश्यक पूर्वाधार निर्माण गरिएको छ ।

आयोजनाअन्तर्गत नै ढल्केबर र इनरुवामा ४००/२२० केभीका सवस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेका छन् । हेटौँडा र इनरुवा सवस्टेसन निर्माणका लागि २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो ।देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाअन्तर्गत हेटौँडा २२०/१३२ केभी सबस्टेसन निर्माण गरिएको हो ।

सवस्टेसनमा एक सय ६०/१६० एमभिएका दुई पावर ट्रान्सफर्मर छन् । ठेकेदार कम्पनीको कार्यसम्पादन सन्तोषजनक नभएपछि ठेक्का तोडी बाँकी रहेको काम गर्न २०७५ पुसमा नयाँ ठेक्का सम्झौता गरिएको थियो । आयोजनाअन्तर्गत नै धनुषा र इनरुवामा २२० केभीका सवस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् । आयोजना सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सुरु गरिएको हो ।

हेटौँडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत १३२/११ केभी हेटौँडा सवस्टेसन निर्माण गरिएको हो । यो सवस्टेसनबाट स्थानीयरुपमा विद्युत् आपूर्ति गरिनेछ । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो ।

# 'फेवाताल'मा बढ्यो पर्यटकीय आकर्षण

**टुडे समाचारदाता**

झापा । मेचीनगर नगरपालिका-१३ स्थित हातेमालो सामुदायिक वनले निचाझोडा सिमसार क्षेत्रलाई व्यवस्थित गरेर निर्माण गरेको तालमा पर्यटकीय आकर्षण बढेको छ ।

प्राकृतिक सिमसारलाई चारैतिरबाट बाँध बाँधेर सामुदायिक वनको बीचमा निर्माण गरिएको उक्त माललाई 'फेवाताल' नामकरण गरिएको छ । सामुदायिक वनको तीन सय ९० हेक्टर वन क्षेत्रमध्ये सिमसार र खाली रहेको ३२ बिघा जग्गामा पर्यटकीय क्षेत्र निर्माण भएको हो । यसमध्ये २० बिघाभन्दा बढी क्षेत्रफलमा ताल रहेको छ । पर्यटकको मनोरञ्जनका लागि तालमा छवटा डुङ्गा सञ्चालन गरिएको छ । यस क्षेत्रमा आउने अधिकांश पर्यटकले डुङ्गा सयर गर्ने हुँदा सामुदायिक वनको आम्दानीको स्रोत बढेको वन समितिका अध्यक्ष चन्द्र सिग्देलले बताए । वरिपरि सालको जङ्गल भएको हुँदा तालको



वातावरण प्राकृतिक सौन्दर्यले भरि पूर्ण रहेको छ ।

यहाँ वनभोजसहित अवलोकन गर्ने आन्तरिक र विदेशी पर्यटक बढ्ने क्रम छ । यस वर्षको माघ महिनामा ५२ हजार आन्तरिक र विदेशी पर्यटकको आगमन भएको समितिले जनाएको छ । यस क्षेत्रलाई नमूना पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने योजनाअनुरुप विभिन्न संरचना निर्माण गरिएको उनले बताए । आन्तरिक पर्यटकको ओइरो लाग्न थालेपछि साना पसल र खाजाघरहरूको संख्या पनि बढेको छ । जसबाट स्थानीयको जीविकाका मद्दत पुगेको छ ।

पर्यटकलाई मनोरञ्जनका साथै तालबाट थप आम्दानी आन्तरिक आम्दानी बढाउने उद्देश्यले तालमा यस वर्ष एक लाख माछाको भुरा छाडिएको उनले जानकारी दिए । तालमा पालेको माछा आफैँ बल्छीले मारेर खरिद गर्न सक्ने र त्यहीँ पकाएर खान सक्ने सुविधासमेत पर्यटकलाई उपलब्ध गराइएको हुँदा यस योजनामा समेत पर्यटकको आकर्षण बढेको छ । "तालमा सयर गर्ने अधिकांश पर्यटकले फिसिङ गर्न पाए हुन्थ्यो भन्ने चाहना व्यक्त गरेपछि हामीले त्यसको व्यवस्था मिलाएका छौँ", अध्यक्ष सिग्देलले भने, "फिसिङका लागि भारतको दार्जिलिङ र सिलिगुढीदेखि भारतीय पर्यटकसमेत आउन थालेका छन् ।"

शनिबार र बिदाका दिन यहाँ पर्यटक खचाखच हुन्छन् । पूर्वपश्चिम राजमार्गको चारआली चोकबाट तीन किलोमिटर दक्षिणमा रहेको यस क्षेत्रलाई अझ व्यवस्थित बनाउन र थप पूर्वाधार निर्माणमा लगानी भइरहेको समितिले जनाएको छ ।पर्यटकले पोखराको फेवातालकै झल्को पाएको बताउँछन् ।

"नाम पनि फेवाताल नै राखिएको रहेछ", साथीसँग घुमफिरका लागि आएको बताउने दमक-४ की प्रमिला सिलवालले भने, "जङ्गलको माझमा ठूलो पोखरीमा डुङ्गा चढ्दा मज्जा लाग्यो । तर वरिपरि ठूला-ठूला रुखको घारी भएको हुँदा डर पनि लाग्यो ।" उनले जङ्गल सफारीमा गएको जस्तो भएको अनुभूति सुनाए ।


मधेश पदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मंत्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक अस्पताल सिरहा
सिरहा, नेपाल

**आशयपत्र सम्बन्धी सुचना**

यस कार्यालयबाट आ.व. २०८०/०८१ मा मिति २०८०/०९/२२ गतेका दिन पहिलो पटक आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा E-Bidding मार्फत सुचना आह्वान गरिए बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सुचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२)बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको अंक रु. (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | NCB/W/PHS/ 080-081/01 | Construction work of Maternity Building at Provincial Hospital Siraha | Kalyan Construction, Babarmahal-11, Kathmandu | 1,20,86,524.13 | NCB |

मेडिकल सुपरिन्टेन्डेन्ट



बसन्त पञ्चमीका लागि सरस्वती पूजा गर्न टायर गाढामा मूर्ति लगिँदै । तस्बिर : टुडे

# साझेदारी वन र सेनाबीच द्वन्द्व

टुडे समाचारदाता

कलैया । हलखोरिया साझेदारी वनको करिब ५० बिघा जग्गा उपलब्ध गराउन नेपाली सेनाले दबाब दिएपछि साझेदारी वन र सेनाबीच द्वन्द्व बढेको छ । बारा, पर्सा र रौतहट कार्यक्षेत्र अन्तर्गत सेनाका लागि तालिम केन्द्र निर्माण गर्न साझेदारी वनको ५० बिघा जग्गा उपलब्ध गराउन नेपाली सेनाले दबाब दिएपछि दुई निकायबीच द्वन्द्व बढेको छ ।

पूर्व-पश्चिम राजमार्गसँग जोडिएको पिलुवा चोकदेखि ३ किलोमिटर दक्षिणतर्फ हुलाकी सडकखण्डमा पर्ने साझेदारी वनको जग्गा उपलब्ध गराउन सेनाले डिभिजन वन कार्यालयलाई पत्राचार गरेको थियो । सेनाको पत्रमा वन कार्यालयले साझेदारी वन व्यवस्थापन उपभोक्ता समिति आफैँमा स्वायत्त निकाय भएकाले वन समूहको साधारणसभाको निर्णय बिना केही गर्न नसक्ने जवाफ दिएको छ ।

वन कार्यालयले हलखोरिया साझेदारी वन व्यवस्थापन समितिलाई विशेष साधारणसभा बोलाएर सो जग्गाको भोगाधिकार सेनालाई दिन मिल्ने/नमिल्ने सम्बन्धमा निर्णय गरेर पठाउन असार ७ गते पत्र पठाएको थियो ।

वनको पत्रको आधारमा साझेदारी वनले साउन १३ गते दुर्गा नमुना मावि कलैयामा विशेष साधारणसभा बोलायो । जसमा समूहको बहुमत सदस्यले वन क्षेत्रको हकभोगमा रहेको जग्गा सेनालाई नदिने निर्णय गरेको थियो ।

साझेदारी वन समूहको सो निर्णय पश्चात् पनि नेपाली सेनाले निरन्तर सोही जग्गा उपलब्ध गराउन चौतर्फी दबाब दिँदै आएको डिभिजन वन कार्यालय र साझेदारी वन व्यवस्थापन समितिले जनाएको छ ।

हलखोरिया साझेदारी वन समितिका अध्यक्ष विकल्प भट्टराईले सेनालाई जग्गा नदिने आधिकारिक निर्णय वन कार्यालयमा पठाए पनि सेनाको तर्फबाट सोही जग्गाको लागि दबाब आइरहेको बताए ।

'हामीले साउनमै विशेष साधारणसभा बोलाएर जग्गाको भोगाधिकार नदिने निर्णय गरेपछि पनि उहाँहरू पुनः पटकपटक आएर दबाब दिइरहनु भएको छ,' अध्यक्ष भट्टराईले भने ।

वन समूहले जग्गाको भोगाधिकार सेनालाई दिने निर्णय गरेको खण्डमा मन्त्रिपरिषद्बाट अन्तिम निर्णय गरेर वनको जग्गा सेनालाई भोगचलनका लागि उपलब्ध गराउन सकिने प्रावधान छ । तर वन समूहले निर्णय नगरेसम्म वनको जग्गा सेनाले भोगचलन गर्न सक्दैन ।

यता डिभिजन वन कार्यालय बाराले भने सेनाले विकल्प नदिइकन साझेदारी वनको एउटै जग्गामा दबाब दिँदै आएको जनाएको छ । वन अधिकृत नेपाली



साहले वन समूहले आफ्नो जग्गा सेनालाई नदिने निर्णय गरेका कारण वन कार्यालयले केही गर्न नसक्ने बताए ।

'सेनालाई जग्गा चाहिएको छ, तर उहाँहरूले त्यही जग्गा चाहियो भन्नु भएकाले सहमति हुन नसकेको हो' अधिकृत साहले भने, 'हलखोरिया साझेदारी वनको एरिया त्यसै पनि सङ्कुचित हुँदै गएको छ, फेरि गुम्बा, स्कुल, मन्दिर, बाटो, ४ सय केभी विद्युत् प्रसारण लाइन सबैलाई वनकै जग्गा चाहिएपछि धेरै जङ्गल मासिएको छ ।'

हलखोरिया साझेदारी वन करिब २ हजार ३८ हेक्टरमा फैलिएको छ । २०६० सालमा हस्तान्तरण हुँदाको सो क्षेत्रफलमा २ दशकको अन्तरालमा विभिन्न बहानामा धेरै वन क्षेत्र अतिक्रमण भइसकेको छ भने जङ्गलभित्र राम्रा साल प्रजातिका रुख पनि कम छन् ।

जिल्लाको दक्षिणतर्फका ६ वटा स्थानीय तहका ५२ वटा वडाका ४० हजार घरधुरी यो साझेदारी वनसँग जोडिएका छन् । जसमा २ लाख ४० हजार उपभोक्ता रहेको अध्यक्ष विकल्प भट्टराईले जनाए । 'वन क्षेत्र अत्यन्तै साँघुरिदै गएर राम्रो वन जङ्गल सबै मासिएर अहिले उपभोक्तालाई काठ पुऱ्याउन सक्ने अवस्था छैन, अब वनको जग्गा यसरी बाँड्दै जाने हो भने भोलि साझेदारी वन सबै मासिने देखिन्छ,' भट्टराईले भने ।

पिलुवा-कलैया हुलाकी सडकखण्डमा रहेको सो वनको जग्गामा हाल केही खाली चौर छ भने पातलो वन क्षेत्र, झाडी र बुट्यान छ । डिभिजन वन कार्यालयले सेनाले ब्यारेक निर्माणका लागि ५० बिघा वन क्षेत्र दिँदा भविष्यमा डेढ/दुईसय बिघा जग्गा अतिक्रमण हुने जोखिम रहेको जनाएको छ ।

सेनाले वनको जग्गा भोगचलन गर्दा सो क्षेत्रभित्र रहेका ठुला रुख संरक्षण भए पनि नयाँ रुखको पुनरुत्पादन भने रोकिन्छ । नेपाली सेना ज्वाला दल गणलेकाठमाडौं-तराई/मधेशद्रूतमार्गबाट नजिकै, हुलाकी सडकखण्डसँग जोडिएको र भोलिका दिनमा प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अगाडि बढेको खण्डमा सुरक्षा लगायत विविध कामका लागि प्रयोग आउन सक्ने भएकाले नेपाली सेनालाई सोही जग्गा आवश्यक भएको जनाएको छ ।

हाल बाराको जीतपुरमा रहेको सेनाको ब्यारेक औद्योगिक करिडोरसँग जोडिएकाले होहल्ला र प्रदूषणका कारण समस्या भएको भन्दै पिलुवामा सार्ने र सो क्षेत्रमा बारा, पर्सा र रौतहटका सेनाका लागि तालिम केन्द्र बनाउने योजना रहेको सेनाले जनाएको छ ।

# मुख्यमन्त्री यादवद्वारा शुभकामना व्यक्त

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बसन्त पञ्चमीको अवसरमा सम्पूर्णमा शुभकामना व्यक्त गरेका छन् ।

मुख्यमन्त्री यादवले मंगलबार एक प्रेस विज्ञप्ति जारी गरी शुभकामना व्यक्त गरेका छन् । मुख्यमन्त्री यादवले जारी गरेका विज्ञप्तिमा भनिएको छ-'विद्या, बुद्धि, कला र संगीतको उन्नयनसँग गाँसिएको मौलिक पर्वका रूपमा मनाइने वसन्त पञ्चमी तथा सरस्वती पूजाको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।'

उनले वसन्त पञ्चमी ज्ञान हस्तान्तरणको शुभ दिन हो, सरस्वतीलाई माता मानेर विद्या आरम्भ गर्ने, ज्ञान, विद्या र मेधा प्राप्त गर्न पूजा गर्ने पावन दिन पनि रहेको बताएका छन् ।

उनले भनेका छन्-'विद्या नै धन हो । त्यसैले या देवी सर्वभूतेषु विद्या रुपेण संस्थिता पनि भनिएको छ । वस्तुतः यो दिन आफूलाई ज्ञान साधनामा समर्पित गर्ने शब्द र वाकसिद्धि हासिल गर्ने दिवस पनि हो । ज्ञानकै माध्यमबाट हामीले विश्वमा आफ्नो श्रेष्ठता स्थापित गर्न अग्रसर हुनुपर्छ । यस अवसरमा सबै विद्या अनुरागी, विद्यार्थी, गुरुहरुमासमेत हार्दिक शुभकामना व्यक्त गर्दछु ।'

# आज सरस्वती पूजा मनाइँदै

टुडे समाचारदाता

जनकपुरधाम । प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी आज जनकपुरधाम सहित देशभर मनाइँदै छ । विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आआफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन् भने तान्त्रिक तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा आराधना गर्दछन् ।

सूर्य उत्तरतिर लाग्ने दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजका दिनलाई 'वसन्त पञ्चमी' पनि भन्ने गरिन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने भएकाले सरस्वती पूजाको ठूलो महत्व छ ।

# मुलुकमा राष्ट्रिय क्रान्तिको आवश्यकता : वरिष्ठ नेता महतो



जनकपुरधाममा नेता कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो । तस्बिर : टुडे

टुडे समाचारदाता

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले मुलुकमा राष्ट्रिय क्रान्तिको आवश्यकता रहेको बताएका छन् ।

जनकपुरधाममा मंगलबार आयोजना गरिएको कार्यकता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै नेता महतोले अधिकारका लागि एकलरुपमा लड्दै आइरहेकै कारण हारको सामना गर्नुपरिरहेको बताउँदै अबको आन्दोलन एकीकृत भएर लड्नु पर्ने आवश्यकता औल्याएका थिए ।

'मुलुकमा बहुल राष्ट्रियता रहेको छ तर यहाँका शासकले एकल राष्ट्रियताको पहिचान दिलाएर वर्षौदेखि शोषण गरिरहेको छ' उनले भने-'नेपालमा विभिन्न राष्ट्रियताको पहिचान छ, तर शोषकले यसलाई स्विकार गर्न चाहेको छैन ।' नेता महतोले भारतमा अहिलेसम्म एउटै संविधान छ, आवश्यकता परेको बेलामा संशोधन भइरहेको हुन्छ तैपनि विश्वको तेस्रो शक्तिशाली देशमा आउन सफल भएको छ तर हाम्रो देशमा अहिले सम्म सातवटा संविधान निर्माण भए पनि अधिकारबाट बञ्चित गरेकै कारण विकसित हुन नसकेको टिप्पणी गरे ।

उनले भने-'नेपाल मधेशी, थारु, जनजाती लगायतका विभिन्न समुदाय मिलेर बनेको राष्ट्र हो तर शासक र संविधान सो अनुसार बनेको छैन, पृथ्वीनारायण शाहले नेपालको निर्माण गर्दा एउटा नारा दिएका थिए, नेपाल चार वर्ण र छतीस जातको साँझा फुलबारी हो तर उक्त कुराको मनन भएको छैन, एकल राष्ट्रियता हावी रहेको छ ।'

नेता महतोले बहुल राष्ट्रियताको अधिकारका लागि आन्दोलनको तयारी भइरहेको र एकैचोटी मुलुकभरि आन्दोलन गरिने समेत जानकारी दिए । आन्दोलनका लागि अधिकारवादी पार्टीहरुलाई एकीकृत हुन उनले आह्वान गर्दै पदका लागि लोभ लालच छाडेर अन्तिम लडाईमा अग्रसर हुन सबै दललाई आग्रह गरे ।

# गौरका मेयरको हत्या गर्ने जिम्मा लिएका पाण्डे पक्राउ



अनिल तिवारी

वीरगञ्ज । गौर नगरपालिकाका मेयर शम्भु साहको हत्या गर्न जिम्मा लिएका (सुपारी लिएका) सुटर चन्चल पाण्डेलाई पक्राउ गरिएको छ ।

मेयर साहको हत्या गर्न भारतको कुख्यात अपराधीलाई सुपारी दिइएको अनुसन्धानबाट खुलेपछि सुपारी लिने सुटर पाण्डेलाई भारतीय प्रहरीको सहयोगमा नेपाल प्रहरीले पक्राउ गरेको छ ।

बाराको कलैयामा रहेको बाल एकता इङ्गलिस बोर्डिङ्ग स्कूलका संचालक तथा प्रिन्सिपल रुपेश सर्राफ हत्या प्रकरणमा पक्राउ परेका भारतीय सुटर सुजीत सिंहले दिएको बयानमा गौरका मेयर साहको हत्या गर्न पाण्डेले सुपारी लिएको खुलासा भएको थियो । भारतीय सुटर सुजीत सिहलाई भारतीय प्रहरीको सहयोगमा कलकत्ताबाट पक्राउ गरी नेपाल प्रहरीले ल्याएका थिए ।

रुपेश हत्याकाण्डमा मनोज गुप्ता, अरुण यादव र सुजीत सिंह लगायतका अपराधीहरू पहिले नै पक्राउ परिसकेका छन् । हत्याको मुख्य अभियुक्त पाण्डे नेपाल प्रहरीको मुख्य खोजी सूचीमा रहेका थिए । मेयर साहको हत्याको योजनाका खुलासा भए पनि पाण्डेलाई ल्याउन प्रहरीको विशेष टोली भारतमा परिचालन गरेको थियो । भारतीय प्रहरीको सहयोगमा पाण्डेलाई भारतको मध्य प्रदेशका उज्जैन स्थित महाकाल मन्दिरबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

रुपेश हत्याकाण्डमा पक्राउ परेका सिंहले मेयर साहको हत्या गर्न ३६ लाखमा 'डिल' भएको र पाण्डेले आधा रकम लिइसकेको खुलासा गरेका थिए ।

रुपेश हत्याकाण्डमा पक्राउ परेका सिंह प्रहरीको 'मस्ट वान्टेड' सूचीमा रहेका पाण्डे भारतको उज्जैनमा लुकेर बसेको जानकारी पछि नेपाल र भारतीय प्रहरीले संयुक्त अपरेसन थालेका थिए । संयुक्त अपरेसनमा पक्राउ परेका पाण्डेलाई नेपाल ल्याएर अनुसन्धान थालिएको प्रहरीले जानकारी दिएका छन् ।




वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं

- भिजिट र अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन् ।
- त्यसैले आफ्ना भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८